# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३६ | काठमाडौं | शनिबार, २१ भदौ २०८२ | Prabhab National Daily | Saturday, 06 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## भारतीय नागरिकलाई वंशजको नागरिकता !




- भारतीय नागरिक दीलिपकुमार साहले रौतहटबाट 'दीलिपकुमार स्वर्णकार' नाममा नेपाली नागरिकताको प्रमाणपत्र लिएको खुलासा
- उनीविरूद्ध परेको निवेदनका आधारमा छानबिन भइरहेको रौतहटका प्रमुख जिल्ला अधिकारीको भनाइ

■ प्रभाव संवाददाता

**रौतहट–** भारतीय नागरिकले झूठा विवरण पेस गरेर नेपाली नागरिकताको प्रमाणपत्र लिएको फेला परेको छ । बिहार राज्यको सीतामडी जिल्ला वैरगनीया घर भएका दीलिपकुमार साहले 'दीलिपकुमार स्वर्णकार' नामबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको खुलासा भएको हो ।

उनले ३३-०६-७४-००७९५ नम्बरको नेपाली नागरिकताको प्रमाणपत्र वंशजका आधारमा लिएको देखिएको छ । नागरिकतामा बुबा प्रदीप साह र आमा एकारसीदेवी साह उल्लेख छ । भारतको निर्वाचन आयोगले जारी गरेको मतदाता कार्डमा पनि बुबाको नाम समान छ । छोरा दीलिपको तस्बिर र उमेर पनि समान छ ।

यता नेपालमा उनको नाममा १ भदौ २०७४ मा नागरिकता जारी भएको देखिन्छ । उनले नागरिकतामा ठेगाना बारा जिल्ला साविक कचोर्वा गाविस वडा नम्बर ६ (हाल सिम्रौनगढ नगरपालिका-९) उल्लेख गराएका छन् । तर, यो झूठा विवरण भए पनि सोही आधारमा नेपाली नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालय रौतहटमा निवेदन परेको छ ।

'भारतीय निर्वाचन आयोगबाट मतदाता पहिचानपत्र लिएका विपक्षी भारतीय नागरिक भएको कुरा निजले भारत सरकारबाट प्राप्त गरेको मतदाता पहिचानपत्रबाट प्रमाणित छ, सोको छायाप्रति यसै निवेदन साथ दाखेल गरेको छु' गत जेठ २७ गते परेको निवेदनमा भनिएको छ, 'विपक्षी दीलिपकुमार स्वर्णकार भारतीय नागरिक हो भन्ने कुरा प्रमाणित हुँदाहुँदै नेपालको झूठो वतन उल्लेख गरी नेपाली नागरिकता प्रमाणपत्र लिएका विपक्षीलाई अविलम्ब पक्राउ गरी निजले लिएको नगारिकता प्रमाणपत्र बदर/रद्द गरी प्रचलित कानुनबमोजिम विपक्षीलाई हदैसम्मको दण्ड सजाय गरीपाउँ ।'

क्रमशः पृष्ठ २ मा

एमालेको दोस्रो विधान महाधिवेशन

# विद्या–ईश्वरलाई रोकेर थप शक्तिशाली बन्दै ओली

- एमालेले विधान महाधिवेशनलाई नीति र सदस्यताको प्रकार दुई थरी गर्ने प्रस्ताव अघि सारेको छ, यो झण्डै नेपाली कांग्रेसकै शैलीसँग मिल्दोजुल्दो
- अध्यक्षलाई शक्तिशाली बनाउन ७० वर्ष उमेर हदको व्यवस्थालाई हटाउने प्रस्ताव
- विद्यालाई वञ्चित गरिएको विधान महाधिवेशनबाट वरिष्ठ उपाध्यक्ष पदसमेत हटाउने उपाध्यक्ष विष्णु पौडेलको प्रस्ताव




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेले अध्यक्षलाई थप शक्तिशाली बनाउनेगरी विधान संशोधनको प्रस्ताव अघि सारेको छ । ललितपुरको गोदावरीमा शुक्रबार सुरु भएको दोस्रो विधान महाधिवेशनमा उपाध्यक्ष विष्णु पौडेलले प्रस्तुत गरेको विधान संशोधन प्रस्तावले अध्यक्षलाई यो सुविधा उपलब्ध हुन लागेको हो ।

हाल एमाले अध्यक्ष केपी शर्मा ओली छन् । वरिष्ठ उपाध्यक्ष 'माइनस' गर्दै उपाध्यक्ष पौडेलले तयार पारेको विधान संशोधन प्रस्तावअनुसार प्रधानमन्त्रीसमेत रहेका ओलीको शक्ति थपिने भएको हो । वरिष्ठ उपाध्यक्ष पद नै हटाएर अब एमालेले उपाध्यक्षसमेत तीन जनामात्र बनाउने भएको छ । पौडेलले प्रस्ताव गरेको प्रावधान विधानमा समेटिए अब ७० वर्ष उमेर हद पनि हट्ने छ । जसकारण ओली नेतृत्वमा रहिरहने छन् ।

अर्थमन्त्रीसमेत रहेका पौडेललाई ओलीले एमाले हाँक्ने 'कमाण्डर' बनाउने वचन दिइसकेको बताइएको छ । जसकारण पौडेलले अध्यक्ष ओलीलाई थप शक्तिशाली हुनेगरी विधान संशोधन प्रस्ताव अघि सारेका हुन् ।

### यसरी बढाइँदै अध्यक्षको शक्ति

उपाध्यक्ष पौडेलले प्रस्तुत गरेको विधान संशोधन प्रस्तावमा पार्टी अध्यक्षको अधिकार थप गरिएको छ । पार्टी अध्यक्षले केन्द्रीय निकायहरूको अध्यक्षता गर्ने, केन्द्रीय निकायमा अध्यक्षका हैसियतले राजनीतिक प्रतिवेदन पेस गर्ने कुरा थप गरिएको छ ।

यसैगरी पार्टीमा केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीको बैठकका लागि महासचिवलाई निर्देशन दिने, बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने र बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने काम अध्यक्षका लागि थप गर्ने प्रस्ताव गरिएको छ ।

यसअघि पार्टीको शक्तिशाली निकायका रूपमा रहेको सचिवालय र केन्द्रीय कार्यालयको संरचनालाई हटाउने प्रस्ताव गरिएको छ । केन्द्रीय सचिवालय र कार्यालयका कामलाई पार्टी अध्यक्षको निर्देशनमा महासचिवले गर्ने प्रस्ताव गरिएको छ । दुई महाधिवेशनको बीचमा आयोजना गरिने महाधिवेशन प्रतिनिधि परिषद्लाई एक पटक आयोजना गर्ने व्यवस्था गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

## विद्याको सन्देश भिडियोबाट, महाधिवेशनस्थलमै बाँडियो पत्र




**काठमाडौं (प्रस)–** ललितपुरको गोदावरीमा सुरु भएको विधान महाधिवेशनमा जान नपाएकी पूर्वराष्ट्रपति विद्या भण्डारीले विधान महाधिवेशनमा सहभागी हुन आएकाहरूलाई पत्र पठाएकी छन् । महाधिवेशनस्थलमा उनको पत्र बाँडिएको थियो । उक्त पत्रमा आफ्नो विचार भएकोले अध्ययन गरी सुझाव दिन भण्डारीले आग्रह गरेकी छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# आप्रवासीहरूका लागि युएई सातौं उत्कृष्ट गन्तव्य, दक्षिण कोरिया ४४औं

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई) आप्रवासीहरूका लागि काम गर्न र बस्नका लागि सातौं उत्कृष्ट गन्तव्य बनेको छ । इन्टरनेसन्सले सार्वजनिक गरेको रिपोर्ट 'एक्सपाट इन्साइडर २०२५'ले उच्च जीवनस्तर र रोजगारीका अवसारका आधारमा युएईलाई सातौं उत्कृष्ट गन्तव्यका रूपमा राखेको उल्लेख गरेको छ । जबकि अघिल्लो वर्ष युएई १०औं स्थानमा थियो ।

उक्त अध्ययनका अनुसार पनामा सूचीको शीर्षस्थानमा रहेको छ । त्यस्तै कोलम्बिया र मेक्सिको क्रमशः दोस्रो र तेस्रोमा छन् । एसिया मुलुकहरू थाइल्याण्ड र भियतनाम क्रमशः चौथो र पाँचौं स्थानमा छन् । चीन, इण्डोनेसिया, स्पेन र मलेसिया उक्त सूचीको शीर्ष १० भित्र परेका छन् ।

इन्टरनेसन्सले ४६ देशमा रहेका १० हजार ८५ जनामा सर्वेक्षण गरी प्रतिवेदन तयार पारिएको जानकारी दिएको छ । सहभागीहरूलाई पाँचवटा विधामा प्रश्न सोधिएको थियो । जसमा जीवनको गुणस्तर, बसाइँसराइको सहजता, रोजगारी, व्यक्तिगत वित्तीय अवस्था र आप्रवासी श्रमिकसम्बन्धी डिजिटल जीवन, प्रशासन, आवास र भाषालगायतका सूचकांक समावेश थिए ।

जम्मा ४६ वटा मुलुकमध्ये सबैभन्दा खराब र्‍याङकिङ पाउनेमा कुवेत, टर्की, दक्षिण कोरिया, फिनल्याण्ड, जर्मनी, बेलायत र क्यानडा छन् । पहिलो स्थानमा रहेको पनामामा ९३ प्रतिशत आप्रवासीहरू खुसी रहेको देखिएको छ । त्यहाँ यात्रा गर्ने धेरै अवसरहरू, सार्वजनिक यातायातको सस्तो लागत र प्राकृतिक वातावरण उत्कृष्ट रहेको सर्वेक्षणबाट देखिएको उल्लेख गरिएको छ । खानपान र मनोरञ्जनका लागिसमेत धेरै अवसरहरू रहेको सहभागीहरूले जनाएका थिए ।




प्रतिवेदनका अनुसार पनामा जाने २६ प्रतिशत प्रवासीहरूले कुनै चासो नभएको बताए थिए तर त्यहाँ पुगेपछि वातावरणमैत्री वस्तु र सेवाको उपभोग, कारका लागि पूर्वाधार, प्रशासनिक वा सरकारी सेवाहरूको अनलाइन उपलब्धतालगायतका कारण उनीहरू सबैभन्दा बढी खुसी भएको भनिएको छ । त्यहाँको आरामदायी जीवन र सत्कारपूर्ण वातावरणका कारण गएकामध्ये ३५ प्रतिशतले त्यहीँ बस्ने योजना बनाएका बताइएको छ ।

यस वर्ष दोस्रो स्थानमा रहेको कोलम्बिया सन् २०२४ मा पाँचौं स्थानमा थियो । त्यहाँका ८१ प्रतिशत आप्रवासीहरू आफ्नो आर्थिक अवस्थाप्रति खुसी रहेको पाइएको छ । मेक्सीको भने सन् २०१४ यता उक्त सूचीको तेस्रो स्थानमा यथावत् छ । त्यहाँको स्थानीय नागरिक र संस्कृतिसँग घुलमिल हुन सहज, गुणस्तरीय जीवनशैली, करिअर बनाउने राम्रो अवसरजस्ता कारणले आप्रवासीहरूले बस्न रुचाएका प्रतिवेदनमा उल्लेख छ ।

सातौं स्थानमा रहेको युएई अरब क्षेत्रको दोस्रो ठूलो अर्थतन्त्रको हो । त्यहाँका ८२ प्रतिशत आप्रवासी श्रमिकले आफूहरू खुसी रहेको र ७८ प्रतिशतसम्म श्रमिकहरूले युएईमा आफूहरूको करिअरमा सुधार भएको बताएका थिए ।

क्रमशः पृष्ठ २ मा



जनहितमा जारी सन्देश
प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## विद्या-ईश्वरलाई...

पार्टीका केन्द्रीय निकायका रूपमा रहेका केन्द्रीय आयोगहरू (अनुशासन/लेखा/निर्वाचन)का अध्यक्षहरूको मर्यादाक्रम पार्टीको पोलिटब्युरो सदस्यसरह हुने र आयोगका सदस्यहरूको मर्यादाक्रम केन्द्रीय सदस्यसरह हुने व्यवस्थासमेत प्रस्ताव गरिएको छ ।

सबै तहको कमिटीमा निर्वाचित हुन ७० वर्षे उमेर हदको व्यवस्थालाई हटाउने प्रस्ताव अघि सारिएको छ । पहिलो विधान महाधिवेशनबाट धारा ६४ मा गरिएको उक्त व्यवस्थालाई २०८० वैशाख २८ देखि ३० गतेसम्म बसेको पाँचौं केन्द्रीय कमिटीको बैठकले निष्क्रिय गरेको उक्त व्यवस्थालाई विधानबाटै हटाउने प्रस्ताव महाधिवेशनमा गरिएको छ ।

### केन्द्रीय कमिटी घट्ने

प्रस्तावित विधानअनुसार अबदेखि एमालेको केन्द्रीय कमिटी २५१ सदस्यीय हुने भएको छ । केन्द्रीय कमिटी हाल ३०१ सदस्यीय रहेको छ । कांग्रेसलेझैं विधान अधिवेशनलाई अबदेखि नीति अधिवेशनका रूपमा आयोजना गर्ने प्रस्ताव गरिएको छ ।

प्रस्तावमा वरिष्ठ उपाध्यक्षको व्यवस्थालाई हटाइएको छ भने छ उपाध्यक्षको संख्यालाई घटाएर तीनमा झारिएको छ । प्रस्तावअनुसार अब अध्यक्ष एक, उपाध्यक्ष तीन, महासचिव एक, उपमहासचिव तीन, सचिव सातसहित १५ जना पदाधिकारी रहने व्यवस्था छ ।

पदाधिकारीमा महिला एक जना अनिवार्य गरिएको छ । स्थायी कमिटी र पोलिटब्युरो सदस्यको संख्या पनि घटाइएको छ । धारा १७ (२) को ४५ सदस्यीय स्थायी कमिटीलाई घटाएर पार्टीका १५ जना पदाधिकारीलाई मात्र स्थायी कमिटीका रूपमा राख्ने प्रस्ताव गरिएको छ । हालको ९९ सदस्यीय पोलिटब्युरोको संख्या घटाएर बढीमा एकतिहाइ रहनेगरी निर्वाचनमार्फत पोलिटब्युरोको पूर्ति गर्ने प्रस्ताव गरिएको छ ।

### बढ्यो संगठित सदस्य

पार्टीमा छ लाख ६२ हजार ९६१ सदस्य रहेको एमालेले जानकारी दिएको छ । महासचिव शंकर पोखरेलले पेस गरेको सांगठानिक प्रतिवेदनमा क्रियाशील सदस्य संख्या उल्लेख गरेका हुन् । संगठित पार्टी सदस्य संख्या १०औं महाधिवेशनपछि ३० प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ । महासचिव पोखरेलका अनुसार कोशीमा एक लाख १४ हजार ७१०, मधेसमा एक लाख ५६ हजार ४१, बागमतीमा एक लाख १६ हजार ४९९, गण्डकीमा ५५ हजार ५१२ सदस्य रहेका छन् । लुम्बिनीमा ८० हजार ३५२, कर्णालीमा ४७ हजार ६४७, सुदूरपश्चिममा ६३ हजार ११०, उपत्यका विशेष प्रदेश आठ हजार ७८१, सम्पर्कमा १३ हजार ७५२, भारत प्रवासमा एक हजार ७५२, प्रवासमा चार हजार ६२० र केन्द्रीय कार्यालयमा ८५० सदस्य रहेको प्रतिवेदनमा उल्लेख छ ।

### सदस्यता दुई प्रकारको

कांग्रेसलेझैं एमालेले पनि पार्टी सदस्य दुई प्रकारको राख्ने प्रस्ताव गरेको छ । पार्टीको विधानको धारा ४ को (क) लाई थप गर्दै पार्टी सदस्य र संगठित सदस्य गरेर दुई खाले सदस्यता रहने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ । कांग्रेसमा साधारण सदस्य र क्रियाशील गरी दुई प्रकारका सदस्य हुन्छन् । दुवै सदस्यताका लागि एमालेको नीति बिचारलाई समर्थन गर्ने र तोके बमोजिम सदस्यता शुल्क तिर्न तत्पर व्यक्तिलेमात्र अब एमालेको सदस्यताका लागि योग्य हुने व्यवस्था प्रस्ताव गरिएको छ ।

### जबज विस्थापन गरी परिपूर्ण लोकतन्त्र अघि सार्दै

जनताको बहुदलीय जनवाद (जबज) मदन भण्डारीले स्थापित गरेको एमालेको सिद्धान्त हो । तर ओलीले राजनीतिक प्रतिवेदनमार्फत नेपाली विशेषताको समाजवादको अवधारणा प्रस्तुत गरेका छन् । 'नेपाली समाजको विशेषताको रूपमा रहेको बहुलता र विविधतालाई समाजवादी राज्य प्रणालीमा सामञ्जस्यका साथ अगाडि बढाइने छ । एकरूपतामा एकता होइन, विविधतामा एकतालाई प्रवर्द्धन गरिने छ,' ओलीको राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

नेपाली विशेषताको समाजवादको अनिवार्य कार्यभारमा राष्ट्रिय हितको रक्षा, राष्ट्रिय स्वाभिमान, पहिचान र स्वाधीनताको रक्षा तथा विकास भनेर नवीन व्याख्या गर्दै नेपाली विशेषताको समाजवादको एक मुख्य आधार 'परिपूर्ण लोकतन्त्र'लाई अघि सारिएको छ ।

'नेपाली विशेषताको समाजवादको एउटा महत्त्वपूर्ण पक्ष हो- यसले लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यताहरूलाई आत्मसात् गर्ने छ । संविधानको सर्वोच्चता, विधिको शासन, मनावअधिकार, शक्ति पृथकीकरण र आवधिक निर्वाचनजस्ता विषयहरू राज्य सञ्चालनका अभिन्न विषय हुने छन् । दलहरूबीचको प्रतिस्पर्धा सुनिश्चित गरिने छ । जनताको अभिमतबाट मात्रै शासन सञ्चालन गर्ने, अनिर्वाचित सत्ता नहुने कुराको प्रत्याभूति गरिने छ,' अध्यक्ष ओलीद्वारा प्रस्तावित राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

■■■

## विद्याको सन्देश...

महाधिवेशनस्थलमा जान वञ्चित गरिएपछि शुक्रबार भिडियो सन्देशमार्फत भण्डारीले महाधिवेशन प्रतिनिधिहरूलाई स्वागत गर्दै सुझाव मागेकी हुन् । 'मैले यहाँहरूलाई हिजोमात्रै पत्रमार्फत आफ्ना विचार राखेको छु । यहाँहरूले अध्ययन गर्नुभएकै होला । यहाँहरूको उपयुक्त सल्लाह, सुझाव पनि अपेक्षा गरेको छु,' भण्डारीले थप भनेकी छन्, 'नेकपा एमालेको काँधमा देशको ठूलो जिम्मेवारी छ । त्यो पूरा गर्न यहाँहरू भावनात्मक र संगठनात्मक हिसाबले अघि बढ्नुस् । म पनि सधैँ यहाँहरूकै साथमा हुने छु ।'

दुई पटक राष्ट्रपति बनेकी भण्डारी सक्रिय राजनीतिमा आउने तयारी गरेपछि पार्टीले उनको सदस्यता नवीकरण रोकेर राखेको छ । भण्डारीको सदस्यताको विषय वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विधान महाविधेशनमा उठाउने तयारी गरेपछि अध्यक्ष केपी शर्मा ओलीले यो छलफलको विषय हुनै नसक्ने तर्क अघि सारे । 'पार्टीका कतिपय विषय अनावश्यक ढंगले संवेदनशील बनाइएका छन् । विधान संशोधनसँग सम्बन्धित छैनन् ती विषय । पार्टीका कमिटीले छलफल गर्दै जाने छन्,' ओलीले भने ।

■■■

## आप्रवासीहरूका...

सूचीको पुच्छारमा रहेको कुवेत गएकामध्ये ७० प्रतिशत रोजगारीकै लागि जाने गरेको र १७ प्रतिशतले गएको एक वर्षभित्रै मुलुक छोड्ने योजना बनाउने गरेका छन् । अर्थतन्त्रको अवस्था मजबुत भए पनि आप्रवासीहरू आफ्नो जागिरको सुरक्षामा सन्तुष्ट छैनन् भने उचित तलब नपाएकोसमेत बताएका छन् ।

दक्षिण कोरिया सन् २०२४ को २३औं स्थानबाट २०२५ मा ४४औं स्थानमा पुग्नु आश्चर्यजनक रहेको प्रतिवेदनमा भनिएको छ । कोरियाका सबै सूचकहरू खस्किएको जनाइएको छ । २०२४ मा भएको राजनीतिक र आर्थिक अस्थिरतालाई कारण मानिए पनि विदेशीहरू दक्षिण कोरियामा आफ्नो जीवनबाट असन्तुष्ट रहेको उल्लेख गरिएको छ । व्यक्तिगत करिअरका अवसरहरू, कार्य घण्टा, काम जीवनको सन्तुलन, उचित तलब, र जागिरबाट हुने सन्तुष्टिको अवस्था कमजोर पाइएको छ ।

यसबाहेक नेपालीहरूको प्रमुख रोजगार गन्तव्य रहेका मुलुकमध्ये ११औं मा ओमान, १२औं मा साउदी, २०औं मा कतार, २६औं मा माल्टा, ३३औं मा जापान रहेका छन् ।

■■■

## भारतीय...

निवेदनउपर हालसम्म कुनै कारबाही भएको छैन । रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले निवेदनका आधारमा नागरिकताको विवरण प्रमाणीकरणको प्रक्रिया भइरहेको बताए । 'हामी भेरिफाइ प्रक्रियामा छौं । निवेदन पर्नासाथ हो नै भन्न सकिँदैन, यदि भेरिफाइ गर्दा भारतीयले नेपाली नागरिकता पाएको भए कारबाही गर्छौं,' उनले प्रभावसँग भने ।

दीलिप १० वर्षदेखि रौतहटको दुर्गा भवतीमा सुन पसल चलाएर बस्दै आएका छन् । उनीमाथि सुन तस्करीमा संलग्नताको आरोप पनि लाग्ने गरेको छ । यसबारे आरोपित दीलिपको प्रतिक्रिया लिन खोज्दा उनीसँग सम्पर्क हुन सकेन ।

# मैजुबहालको ढुंगेधारालाई धार्मिक सहिष्णुताको अनुपम नमूना बनाइँदै



**काठमाडौं–** मैजुबहाल ढुंगेधारास्थित बंगलामुखी मन्दिर क्षेत्रलाई धार्मिक सहिष्णुताको अनुपम नमूनाका रूपमा विकास र विस्तार गर्ने अभियान सुरु गरिएको छ । त्यहाँको जग्गा तथा पानीको स्रोत संरक्षण गरी ज्येष्ठ नागरिक चौतारा बनाउने सिलसिलामा स्थानीय सामाजिक एवं धर्मपरायण समुदायको सतप्रयासमा बंगलामुखीसहित विभिन्न देवीदेवताका मन्दिर निर्माण गरिएको छ ।

स्थानीय समाजसेवी टेकनाथ आचार्यको पहलमा केही वर्षअघि त्यहाँ तीन आना दुई दाम सार्वजनिक जमिनमा प्यागोडा शैलीमा तामाको छानासहितको बंगलामुखी निर्माण गरिएको थियो । करिब ४४ लाख रूपैयाँको लागतमा मन्दिर निर्माण गरी वार्षिक धार्मिक अनुष्ठान तथा शोभा रथयात्रा गरिँदै आएको मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद सिंखडाले जानकारी दिए ।

उक्त मन्दिर निर्माणमा धर्मानुरागी भक्तजनले आर्थिक सहयोग पुऱ्याएका थिए भने केही भक्तजनबाट मूर्ति स्थापनामा सहयोग भएको अध्यक्ष सिंखडाले जानकारी दिए । उक्त मन्दिरमा यस वर्षको जात्रा बिहीबारदेखि सुरु भएको छ ।

हिन्दू एवं बौद्ध परम्पराअनुसार मानिआएका थुप्रै देवीदेवता एवं बुद्धका मूर्ति स्थापना गरी परम्परा र जीवित संस्कृतिलाई जीवन्त राख्न रथारोहण (रथयात्रा)को थालनी गरिएको मन्दिर संरक्षण तथा व्यवस्थापन समितिले जानकारी दिएको छ । बंगलामुखीको ख्याति एवं मन्दिर परिसरमा प्रतिस्थापित देवीदेवता एवं बुद्धका मूर्तिका कारण दैनिक दर्शनार्थीको संख्या बढिरहेको छ ।

मुलुकको जीवन्त संस्कृतिको जर्गेना र जन्मभूमिप्रतिको कर्तव्य निर्वाह गर्न तथा असल संस्कारयुक्त परिवारको निर्माण गरी जीवनलाई सार्थक तुल्याउन उक्त धार्मिकस्थलबाट आमनागरिकलाई प्रेरणा मिल्ने विश्वास गरिएको छ । *रासस*


### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/२०**

यस कम्पनीको मिति २०८२/०५/१७ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मिराकल कन्याम रिट्रिट कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **मिराकल चेप्टि रिट्रिट कम्पनी (प्रा.लि.नं. ३७०५२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०२/२८ मा **प्रा.लि.नं. ५३८३३/०६४/०६५**मा दर्ता भएको **रेड प्लानेट गेष्ट हाउस प्रा.लि** को मिति २०८२/०५/१९ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः एकराज पन्त, (इजाजत पत्र नं. ४१४)**

**ठेगाना : ठमेल, काठमाडौं, फोन नं. ९८५१०२७६६०**

### रैथाने चुल्हो प्रा.लि.

**लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन बमोजिम मिति २०७७।१०।२८ मा दर्ता भएको प्रा.लि.नं. २५५४०६ को रैथाने चुल्हो प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२।०५।१९ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोनु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विरेन्द्र शिवाकोटी लिक्वीडेटर**
इजाजत पत्र नं. २६७
मो.नं. ९८५१०५५२४९

### एग्रो रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रा.लि.

**लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन बमोजिम मिति २०६९।०७।२४ मा दर्ता भएको प्रा.लि.नं. १०७१८७ को एग्रो रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२।०५।१५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोनु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विरेन्द्र शिवाकोटी लिक्वीडेटर**
इजाजत पत्र नं. २६७
मो.नं. ९८५१०५५२४९

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/५/२१**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १०९ को १७२९.८२ घनफिट काठ र साल जातको दाउरा ४.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मुनाल सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - १, मकवानपुर**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, २१ भदौ, २०८२**

| | |
|---|---|
| **मेष** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **वृष** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **मिथुन** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **कर्कट** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **सिंह** | महत्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **कन्या** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **तुला** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **वृश्चिक** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **धनु** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **मकर** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **कुम्भ** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मीन** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

(निःशुल्क होमियो दातब्य / चिकित्सालयरशववाहन सेवा पंक्तिमा: ४२५५५४०/४२५५५४१)

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ भदौ , २०८२ (०६ सेप्टेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.६२ | १४१.२२ |
| युरो | १ को | १६३.७० | १६४.३९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८८.४० | १८९.२० |
| स्विस फ्रैन्क | १ को | १७४.६९ | १७५.४४ |
| अस्ट्रेलियन डलर | १ को | ९१.८३ | ९२.२२ |
| क्यानाडियन डलर | १ को | १०१.९१ | १०२.३४ |
| सिङ्गापुर डलर | १ को | १०९.१० | १०९.५६ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | १९.६८ | १९.७६ |
| साउदी अरब रियाल | १ को | ३७.४८ | ३७.६४ |
| कतारी रियाल | १ को | ३८.५८ | ३८.७४ |
| थाई भाट | ख १ को | ४.३५ | ४.३६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.२८ | ३८.४५ |
| मलेसियन रिङेट | १ को | ३३.२६ | ३३.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.१२ | १०.१६ |
| स्विडिस क्रोनर | १ को | १४.८८ | १४.९४ |
| डेनिस क्रोनर | १ को | २१.९३ | २२.०३ |
| हङकङ डलर | १ को | १८.०२ | १८.१० |
| कुवेती दिनार | १ को | ४५९.५७ | ४६१.५३ |
| बहराइन दिनार | १ को | ३७२.९९ | ३७४.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तामाङ भाषा लेखनमा एकरूपता जरुरी : अभियन्ता ङेसुर



■ प्रभाव संवाददाता

**काठमाडौं–** तामाङ मातृभाषा शिक्षा अभियन्ता प्रतीक ङेसुर तामाङले तामाङ भाषा लेखनमा एकरूपता कायम गर्नुपर्नेमा जोड दिएका छन् । शुक्रबार अनामनगरस्थित पत्रकारहरूसँग मातृभाषा पाठ्यक्रमको विषयमा अन्तरक्रिया गर्दै उनले हाल लिपि विवादमा अल्झिँदा भाषिक अभियान नै निस्प्रभावी बन्न पुगेको बताए ।

नेपाल तामाङ घेदुङले दाबी गरेको तामयिक लिपि अहिलेसम्म विकास नै नगरिएको अभियन्ता ङेसुरको भनाइ छ । घेदुङका पूर्वसचिवसमेत रहेका उनले घेदुङसहित आफूहहरूले तामाङ भाषा लेखनमा प्रयोग गर्दै आएको लिपि तामयिक नभई सम्बोटा/अुछेन भएको प्रस्ट पारे ।

'२०५४ सालमा मोरङको उर्लाबारीमा भएको चौथो महाधिवेशनले सम्बोटालाई आधारभूत लिपि मानेर नयाँ लिपि विकास गर्ने निर्णय गरे पनि घेदुङले नयाँ नबनाई हुबहु सम्बोटा चलाउँदै आएको छ,' अभियन्ता ङेसुरले भने । घेदुङले नयाँ लिपि विकास नगरिसकेका कारण तामयिक भनेर अल्मलिनु नहुनेमा उनले जोड दिए । स्थानीय तहमा निर्माण भएका पाठ्यपुस्तकमा प्रयोग गर्ने लिपि सम्बोटा नै भएको उनले बताए ।

भाषा आयोगले तामाङ भाषाको पाठ्यक्रम लेखनमा तीन वटा लिपि प्रयोग गर्न सकिने भनी गरेको सिफारिसमासमेत उनले प्रश्न उठाए । अभियन्ता ङेसुरले यो भाषा आयोगको त्रुटि भएको बताए । 'अब भाषा आयोगले तामयिक लिपि कुन हो देखाउन सक्नुपर्छ । तामा भाषा लेखनमा सरलीकरणका लागि प्रयोग गरिएको सम्बोटालाई नै तामयिक दाबी गर्न मिल्दैन,' अभियन्ता ङेसुरले भने ।

उनले हालसम्म १४ स्थानीय तहमा तामाङ मातृभाषाको पाठ्यक्रम तयार भइ पठनपाठन भइरहेको जानकारी दिए । कक्षा ३ सम्म तयार पारिएका पाठ्यक्रम अब तामाङ बाहुल्य रहेको स्थानीय तहमा विस्तारको क्रम जारी रहे पनि लिपि विवादले यो अभियानमा चुनौती खडा गरेको उनको भनाइ छ । 'वर्षौंदेखिको यो विवादमा अब धेरै अल्झिनु हुँदैन । हाम्रो मुख्य अभियान भनेको मातृभाषा शिक्षालाई प्रभावकारी बनाउनु हो, यसतर्फ केन्द्रित हुनुपर्छ,' अभियन्ता तामाङले भने ।

उनले बालबालिकालाई मातृभाषामा शिक्षा दिनु भाषा र संस्कृतिको संरक्षणभन्दा पनि शिक्षाको गुणस्तर बढाउनु महत्त्वपूर्ण रहेको धारणा राखे ।



**देउडा खेल्दै महिला** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० झलारीस्थित खुलामञ्चमा देउडा खेल्दै महिला । बिहीबारदेखि सुरु भएको देउडा कार्यक्रम आइतबारसम्म जारी रहने छ । *तस्बिर: राजेन्द्रप्रसाद पनेरू/रासस*

# मनाङमा कात्तिक १७ मा उपनिर्वाचन

**मनाङ (प्रस)–** हिमाली जिल्ला मनाङमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा निर्वाचन क्षेत्र (२) को उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगको बिहीबार बसेको बैठकले मनाङ–२ प्रदेशसभा सदस्य रिक्त पदका लागि उपनिर्वाचनको कार्यतालिकासहित जिल्ला निर्वाचन कार्यालयलाई पत्र पठाएको हो ।

उक्त कार्यातालिकाअनुसार यही भदौ १३ गतेबाट निर्वाचन अवधि सुरु भएको निमित्त निर्वाचन प्रमुख अधिकृत गोविन्दप्रसाद अर्यालले जानकारी दिए । २०७९ मंसिर ४ गते भएको मनाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा (२) मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएका राजीव गुरुङ (दीपक मनाङे) अयोग्य ठरिएपछि उपनिर्वाचन हुने भएको उनले बताए ।

गुरुङ नेपालको संविधानको धारा १७८ (१) (ङ) बमोजिम तोकिएको योग्यता नभएको तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) बमोजिम सजाय भुक्तान गरेको मिति छ वर्ष नभएसम्म उम्मेदवार हुन अयोग्य हुने ठहर भएको तथा ऐ. ऐनको दफा १६ बमोजिम आफ्नो पदबाट मुक्त हुने र नेपालको संविधानको धारा १७८ बमोजिम योग्यता नभएका निज प्रत्यर्थीको स्थान ऐ. धारा १८० को खण्ड (ख) बमोजिम रिक्त हुने देखियो भन्ने व्यहोराको सर्वोच्च अदालत, संवैधानिक इजलासबाट २०८२ असार ४ मा फैसला भई नेपालको संविधानको धारा १८० को खण्ड (ख) बमोजिम प्रदेशसभा सदस्यको पद २०८१ कात्तिक २० गतेदेखि रिक्त भएको जनाइएको छ ।




प्रदेशसभाको कार्यकाल छ महिनाभन्दा बढी अवधि बाँकी रहँदै प्रदेशसभाको कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थानमा जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिने छ भन्ने नेपालको संविधानको धारा १७६ को उपधारा ८ अनुसार उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्था भएकाले निर्वाचन आयोगको बैठकबाट मनाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं २ मा रिक्त गण्डकी प्रदेशको प्रदेशसभा सदस्य पद एकका लागि प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम आगामी कात्तिक १७ गते सोमबारका दिन उपनिर्वाचन गर्ने गरी निर्वाचनको मिति तोक्ने निर्णय भएको निमित्त निर्वाचन प्रमुख अधिकृत अर्यालले जानकारी दिए ।

प्रदेशसभा सदस्यको पद रिक्त भएपछि उपनिर्वाचन हुने तालिकासहित जानकारी प्राप्त भएको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ । साथै, आयोगबाट देशभर अद्यावधिक भई २०८२ साल भदौ २५ मा प्रकाशन हुने अन्तिम मतदाता नामावलीलाई नै यस उपनिर्वाचनमासमेत प्रयोग गरिने र मतदाताको उमेर १८ वर्ष पुग्ने निर्दिष्ट यही कात्तिक १६ गतेलाई तोक्ने निर्णयसमेत आयोगबाट जानकारी प्राप्त भएको छ ।

गत निर्वाचनमा जिल्लामा छ हजार ७७९ कुल मतदाता रहेका थिए । कूल मतदातामध्ये चार हजार ८४५ अर्थात् ७१.४७ प्रतिशत मत खसेको थियो भने प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा निर्वाचन क्षेत्र (२) को चार हजार १९७ मतदाता रहेको निमित्त प्रमुख निर्वाचन अधिकृत अर्यालले जानकारी दिए । गत निर्वाचनमा प्रदेशसभा सदस्य पदमा गुरुङ सर्वसम्मत निर्वाचित भएका थिए ।

उम्मेदवारको मनोनयन दर्ताका निम्ति आगामी असोज २१ गते निर्धारण गरिएको कार्यालयले जानकारी दिएको छ । त्यसैगरी भदौ २० मा निर्वाचन अधिकृतको कार्यालय स्थापना, असोज २५ मा निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारको अन्तिम नामावली र चिह्न वितरणको विवरण प्राप्ति, कात्तिक ११ गते मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति गर्ने तालिका निर्धारण गरिएको छ ।

# 'न्यायिक क्षेत्रमा नेपाल–भारतबीच बलियो सहकार्य'

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले नेपाल–भारत दुवै देशको न्यायालयको मूल काम मानवअधिकारको रक्षा, समानता प्रवर्द्धन र कानुनी शासनको रक्षा गर्नु भएको बताएका छन् ।

सर्वोच्च अदालतद्वारा शुक्रबार यहाँ आयोजित 'नेपाल–भारत न्यायिक संवाद–२०२५' मा प्रधानन्यायाधीश राउतले सामाजिक समानता, जलवायु परिर्वतन आदिजस्ता विषयहरू नेपाल र भारतका साझा कानुनी विषय भएको बताए । 'नेपाल र भारतले साझा कानुनी परम्परा साझा गरेको हुनाले वर्षौंदेखि नेपाली कानुनी र न्यायिक समुदायहरूसँग निरन्तर सहकार्य गर्दै आएका छौं,' उनले भने, 'नेपाल–भारतबीच न्यायिक सहयोग हुँदै आएको छ, कानुन र न्यायका विभिन्न आयामहरूमा एकअर्कालाई सफलतापूर्वक सहयोग गर्दै आएका छौं ।'

प्रधानन्यायाधीश राउतले नेपालले अहिले नयाँ पुस्ताका कानुनी चुनौतीहरूको सामना गरिरहेको उल्लेख गरे । ती चुनौतीहरूमा साइबर अपराध, उपभोक्ता संरक्षणदेखि वातावरणीय ह्रास, जलवायु परिवर्तन, लैंगिक न्याय र आदिवासी तथा सीमान्तकृत समुदायको अधिकार रहेको बताए ।

भौगोलिक र सांस्कृतिक सम्बन्धको अतिरिक्त नेपाल र भारतले कानुनी तथा न्यायिक क्षेत्रमा पनि बलियो व्यावसायिक सहकार्य रहेको बताउँदै उनले सुधारिएको मुद्दा व्यवस्थापन, सूचना प्रविधिको प्रयोगले काम गर्न सहजता भएको उल्लेख गरे ।

भारतका प्रधानन्यायाधीश भूषण रामकृष्ण गवाईले भारतको सर्वोच्च अदालत र नेपालको सर्वोच्च अदालतबीच पहिलादेखि उत्कृष्ट अभ्यासहरू आदानप्रदान गर्दै आएको, आगामी दिनमा पनि संवाद, सहयोग र सहकार्यलाई अभिवृद्धि गर्ने बताए । 'दुई संस्थाहरूबीच उत्कृष्ट अभ्यास आदानप्रदान गर्न, संवादलाई बढावा दिन र सहयोगलाई गहिरो बनाउन समझदारी जरुरी छ,' उनले भने, 'दुवै देशको लोकतान्त्रिक शासन सुदृढीकरण गर्ने, न्यायपालिकाले अभिभावक र सुधारका रूपमा काम गर्दछ ।'

सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले नेपालको न्यायालयले स्वतन्त्र, निष्पक्ष न्याय दिन प्रयास गर्दै समानताका लागि निकै राम्रो काम गरेको बताइन् । सर्वोच्च अदालतले छोरीलाई सम्पत्तिको अधिकारलाई स्थापित गर्दै समलिंगी विवाहलाई मान्यता दिँदै विवाह दर्ता गर्ने, अपांगता भएका व्यक्तिको अधिकार र सबैलाई अवसर, मर्यादा, समानताका लागि निरन्तर काम गरिरहेको जानकारी गराइन् ।

'अदालतको फैसलाले सामाजिक न्यायका लागि, मानवअधिकारको संरक्षण र आमनागरिकमा न्यायको पहुँचका लागि काम गरिरहेको छ,' उनले भनिन्, 'राजनीतिक हस्तक्षेप, मिडिया ट्रायल, सामाजिक सञ्जाल ट्रायलजस्ता धेरै चुनौतीहरू छन्, ती सबैको सामना गरेर अघि बढिरहेका छौं ।'

भारतका प्रधानन्यायाधीश गवाई नेपालका प्रधानन्यायाधीश राउतको निमन्त्रणामा बिहीबार नेपाल आएका हुन् । उनी आज (शनिबार) लुम्बिनीमा गौतमबुद्ध जन्मस्थल पुगी मायादेवी मन्दिरको दर्शन गरेर भारत प्रस्थान गर्ने कार्यक्रम छ ।


## युएइमा रोजगार — कम्पनी : EMIRATES TASTE CATERING SERVICES FOOD L L C

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१९ | LT. No. 325209 | चलानी नं. ६०२३९११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 15 | 0 | 1200 | ४६,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 10 | 1000 | ३८,३८५ | | | | | | | |
| 3 | Cleaner Male | 20 | 0 | 900 | ३४,५४५ | | | | | | | |
| 4 | Restaurent Worker | 18 | 0 | 1000 | ३८,३८५ | | | | | | | |
| 5 | Waiter | 40 | 0 | 1200 | ४६,०६५ | | | | | | | |
| 6 | Waitress | 0 | 15 | 1200 | ४६,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 325209 मिति: २०८२/०५/२० मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 459364
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## मलेसियामा रोजगार — कम्पनी : CHECKERS HYPERMARKET SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 324751 | चलानी नं. ६०२२८७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 50 | 0 | 1700 | ५५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २८ गते (13th Sep. 2025) मा हुनेछ ।
प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

MERIDIAN OVERSEAS PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal. Tel. : +977-1-014547371/72, 9805513901
श्रम इजाजत नं. ६१३/०६२/०६३

## युएइमा रोजगार — कम्पनी : THREE DIMENSION CLEANING-LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330689 | चलानी नं. ६०२४४४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 16 | 0 | 1000 | ३८,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SWAN DECOR - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330764 | चलानी नं. ६०२४४५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wood Painter | 20 | 0 | 1500 | ५७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २८ गते (13th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

MANPOWER SCAN PVT. LTD.
Govt. License No. 1609/079/080
Sahitya Marga, Behind Dwarika Hotel, Gaushala-09, Kathmandu, Nepal, Nepal, Tel: 015915369, 5914369
E-mail : info@manpowerscan.com.np, Web: www.manpowerscan.com.np

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/५/२१**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ५६ को ९३७.६८ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - १, मकवानपुर**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Mass Holdings Pvt. Ltd. कम्पनीले China बाट पैठारी गरेका देहायका माल वस्तुहरूका अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ELECTRIC WARMING TRAY | N/A | STELLA | DX-300R-K2 | N/A | CHINA | PCS | 26439.00 | 26439.00 |
| २ | INDUCTION COOKER | N/A | STELLA | TS-35C2-W1 | N/A | CHINA | PCS | 58963.00 | 58963.00 |
| ३ | INDUCTION COOKER | N/A | STELLA | TS-678SG | N/A | CHINA | PCS | 40530.00 | 40530.00 |
| ४ | INDUCTION COOKER | N/A | STELLA | TS-34C01 | N/A | CHINA | PCS | 75625.00 | 75625.00 |

**बिक्रेता फर्मको नाम** : Mass Holdings Pvt. Ltd. — स्थायी लेखा नं. : 606560816
**ठेगाना** : Dhumbarahi, Kathmandu — फोन नं : 9802305411

## साउदीमा रोजगार — कम्पनी : MASTIKA CAFE ESTABLISHMENT FOR SERVING BEVERAGES

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330658 | चलानी नं. ६०२४४४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1500 | ५६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २८ गते (13th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Gulf Asia Manpower Pvt.ltd. — गल्फ एसिया मेनपावर प्रा.लि. — A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

## बहराइनमा रोजगार — कम्पनी : AL AHAD ALZAHER STATIONERY

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330705 | चलानी नं. ६०२४४४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKERS/HELPER/LABOUR | 4 | 2 | 120 | ४४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २८ गते (13th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम इजाजत नं. ५६७/०६२/०६३

# जलवायु संकटमा मुस्ताङ



जलवायु संकटका कारण हिमाली जिल्लामा संस्कृति र मौलिक परम्परामासमेत असर पुर्‍याउँदै जान थालेको छ । यहाँका सदियौं वर्ष पुरानो ढुंगा र माटोले निर्मित एकापसमा जोडिएका परम्परागत घरहरु विस्तारै लोप हुने अवस्थामा छन् । ढुंगा र माटोले बनेका घरहरु, त्यसका छतमाथि लस्करै दाउरा पाँजेर राख्ने प्रचलन यहाँको सांस्कृतिक धरोहरका रूपमा लिने गरिन्छ ।

**सुन्दरकुमार थकाली**/मुस्ताङ

विश्वमै जलवायु परिवर्तन असर एक चिन्ताको विषय बनिरहँदा नेपालका हिमाली जिल्लाहरू यसको प्रत्यक्ष/परोक्ष मारमा पर्दै आइरहेका छन् । हिमाली जिल्लाहरूमा मौसमी तापमान दर बर्सेनि वृद्धि भइरहेको छ । जलवायुको असर हिमाली जिल्लाहरूमा देखिँदै गर्दा मुस्ताङमा जलवायु परिवर्तनको असरका कारण यहाँको वातावरणीय सन्तुलन तथा पारिस्थितिक प्रणालीमा नराम्ररी प्रभावित तुल्याएको छ ।

१० वर्षअघिसम्म यहाँ हिउँदयामको अनुकूल समयमा हिउँ पर्थ्यो । हिउँले यहाँ तल्लो मुस्ताङदेखि उपल्लो मुस्ताङका डाँडाकाँडा र बस्ती सबै हिउँले पूरै सेताम्मे हुन्थे । यहाँ हिउँद यामको पुस र माघ महिनामा तल्लो मुस्ताङमा दुई फिट र उपल्लो मुस्ताङमा पाँच फिटसम्म हिउँ परेको थियो । २०७५ सालमा हिउँदयाममा अत्यधिक हिउँ पर्दा उपल्लो मुस्ताङमा सयौं याक चौंरी, भेडाच्यांग्राहरू खर्क र गोठमै हिउँले पुरिएर मरे । तल्लो मुस्ताङको नमखुलेंक र थासाङको विभिन्न खर्कहरूमा पनि स्थानीयका दर्जनौं याकचौंरी हिउँमा पुरिएर मरेका थिए । त्यतिबेला हिमपातले क्षति पुगेका पशुपालक किसानलाई सम्बन्धित स्थानमै पुगेर गण्डकी प्रदेश सरकारले आंशिक राहत वितरण गरेको थियो ।

हिउँ पर्दा पनि सास्ती, हिउँ नपर्दा पनि सास्ती यहाँका बासिन्दाले भोग्नु परेको एक ज्वलन्त समस्या र चुनौती हो । हिउँदयाममा उपल्लो मुस्ताङका बासिन्दा हिउँ र अत्यधिक चिसो छल्न तल झर्ने सदियौं वर्षदेखिको प्रचलन हो । अत्यधिक चिसो र हिमपातको असरले उपल्लो मुस्ताङका बासिन्दाको जनजीवन निकै कष्टपूर्ण हुन्थ्यो । चिसो र हिउँका कारण घरका सेफ्टी ट्यांकी, धारा र सिँचाइ कुलो जमेर बरफ बन्थ्यो । उपल्लो मुस्ताङमा कात्तिक महिनादेखि फागुनको अन्तसम्म चरणबद्ध रूपमा हिउँ पर्ने गरेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङ बताउँछन् ।

यहाँ जलवायु परिवर्तनका कारण कुनै वर्ष भारी हिमपात हुने, कुनै वर्ष आंशिक हिमपात हुने र कुनै वर्ष हिमपात हुन सकेको छैन । पृथ्वीको तापमान वृद्धिसँगै मुस्ताङका शाखा नदीहरूमा विपद् जोखिमको उच्च सम्भावना बढेको छ । यहाँका शाखा नदीका मुहानहरूमा हिउँ पग्लिएर वा हिउँका ढिस्का खसेर ठूलो लेदो र गेग्रचानसहित बाढी आउने गरेका कारण कागबेनीमा ठूलो बाढी आयो । बाढीले कोरला सडकको निर्माणाधीन पक्की पुलसहित कागबेनीका आधा दर्जन बढी घरहरूमा ठूलो क्षति पुग्यो । बाढीले कागबेनी श्राद्धस्थल, स्याउबारीमा क्षति र पशु चौपाया बगाउँदा करोडौंको नोक्सानी पुर्‍यायो ।

थासाङ क्षेत्रमा पटकपटक हिउँपहिरो जाने क्रम रोकिएको छैन । हिउँपहिरो जाने क्रमले त्यस क्षेत्रको चरन क्षेत्र तथा थासाङ क्षेत्रका केही बस्ती हिउँ पहिरोको उच्च जोखिममा छन् । दुई वर्षअघि मार्फास्थित बागवानी केन्द्र नजिकैको सानो खोलामा भेल बाढी आउँदा फार्मका खेतीयोग्य स्याउ बारीमा लेदो र गेग्रचान पसेर क्षति पुर्‍याएको थियो ।

यसै वर्ष साउनको पहिलो र तेस्रो साता थासाङको लांकी खोलामा हिउँ पग्लिएर ठूलो भेल बाढी आयो । बाढीले मानवीय तथा भौतिक क्षति नपुर्‍याए पनि त्यहाँका लार्जुङ बस्तीलाई त्रासदी उत्पन्न गरायो । त्यहाँ गाउँपालिका र प्रशासनको समन्वयमा खोलामा डोजर लगाएर खोलाको धारलाई नियन्त्रणमा ल्याइयो । गत असारमा उपल्लो मुस्ताङको लोमान्थाङ-४ समजुङ माथिको लेकबाट अकस्मात छुआमा खोलामा भेल बाढी आयो । त्यहाँ बाढीले सडक मोटर बाटो, पुल र सिँचाइ कुलोलगायतमा क्षति पुर्‍यायो । त्यहाँका बाढीले मुस्ताङस्थित कालीगण्डकी नदीको तटीय बस्ती र म्याग्दीको कालीगण्डकी तटीय क्षेत्रका बस्तीलाई समेत बाढीले त्रासदी उत्पन्न गरायो । यसै वर्ष घरपझोङ गाउँपालिका-५ स्थित ढुम्बा खोलामा बाढी आउँदा जंगलमा च्याउ टिप्न जाँदै गरेका एक युवालाई बाढीले बगायो भने बाढीले झण्डै २०० स्याउका बोटमा क्षति पुर्‍यायो ।

यतिमात्रै होइन, बाढीले जोमसोम-कोरला सडकमार्गसमेत बाढीपहिरोले पटक-पटक सडक अवरुद्ध भयो । हिमाल पग्लिएर हिउँका ढिस्कासहितको भेल बाढी आउँदा यहाँ कालीगण्डकी नदीभन्दा बेसी यहाँको शाखा नदीको विपद् जोखिम बढेको घरपझोङ-५ का कृषक कर्मा गुरुङले बताए । जलवायु परिवर्तनका कारण अनुकूल समयमा हिउँ नपर्नु र पृथ्वीको तापमान वृद्धि हुँदै गर्दा यहाँका नीलगिरि, धौलागिरिलगायतका हिमालहरूको सौन्दर्यता घट्दै जान थालेको छ । यहाँका हिमालमा हिउँ पग्लँदै गर्दा हिमालहरू बर्सेनि कालापत्थरमा परिणत हुँदै जान थालेका छन् ।



हिमाली जिल्लाहरूमा मौसमी तापमान दर बर्सेनि वृद्धि भइरहेको छ । जलवायुको असर हिमाली जिल्लाहरूमा देखिँदै गर्दा मुस्ताङमा जलवायु परिवर्तनको असरका कारण यहाँको वातावरणीय सन्तुलन तथा पारिस्थितिक प्रणालीमा नराम्ररी प्रभावित तुल्याएको छ ।

यसैगरी, जलवायु संकटका कारण यहाँको कृषि, पर्यटन, जैविक विविधता, धर्म, संस्कृति र वातावरणीय क्षेत्रमा प्रतिकूल असर पर्दै जान थालेका छन् । जिल्ला भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र प्रमुख डा. लालमणि अर्यालका अनुसार जलवायु संकटका कारण यहाँका परम्परागत पशुपालन व्यवसाय संकटमा पर्दै जान थालेको उल्लेख गरे । अनुकूल समयमा हिउँ नपर्ने र बेमौसममा वर्षा हुने गर्दा यहाँको चरन क्षेत्र खुम्चिँदै जान थालेको उनको भनाइ छ । हिउँ नपर्दा उच्च लेकमा घाँस पलाउन छाडेको र बेमौसमे वर्षाले चरन क्षेत्रमा अनधिकृत घाँस पलाउन थालेकाले पशु आहार व्यवस्थापनमा समस्या थपिएको छ ।

वारागुङ-४ तिरीका पशुपालक किसान आंग्या गुरुङले यहाँ चरन क्षेत्रको समस्या पर्दा गाउँमा कुनै पनि घरधुरीले २०० भन्दा बढी च्यांग्रापालन गर्न नपाइने नियम कार्यान्वयनमा आएको बताए । 'गाउँमा सबैका धेरै थोरै च्यांग्रा छन् तर चरन क्षेत्र खुम्चिँदै छ,' उनले भने, 'घाँसको अभाव हुने भएकै कारण च्यांग्रापालन समितिबाटै यस्तो निर्णय भएको हो, धेरै च्यांग्रा पाल्छु भन्नेलाई यहाँ समस्या देखिएको छ ।'

जलवायुकै कारण यहाँको कृषि क्षेत्रमासमेत निकै ठूलो समस्या र चुनौती थपिँदै जान थालेको कृषकहरू बताउँछन् । जमिनको तापमान बर्सेनि वृद्धि हुँदै जाँदा यहाँ उत्पादन हुने शीतोष्ण फलफूल तथा तरकारी उत्पादनले विस्तारै बसाइँ सर्दै जान थालेको छ । यहाँ बढ्दो तापमान वृद्धिका कारण स्याउलगायतका अन्नबालीहरूमा विभिन्न रोगकिराहरूको संक्रमण बढ्दै जान थालेको कृषि ज्ञान केन्द्र कार्यालयका प्रमुख राजेश गुरुङ बताउँछन् । तापमान वृद्धिले स्याउखेतीमा यसको प्रत्यक्ष असर देखिन थालेको उनको भनाइ छ । यहाँ जलवायुका कारण बेमौसमे वर्षा हुने र अनुकूल समयमा हिउँ नपर्दा स्याउलगायतका अन्नबालीहरूमा रोगको प्रकोप चुलिँदै जान थालेको उनको भनाइ छ ।

जलवायु परिवर्तनका कारण शीतोष्ण फलफूल तथा बालीहरू विस्तारै बसाइँ सर्ने क्रममा रहेकाले शीतोष्ण बागवानी विकास केन्द्रले उपल्लो मुस्ताङको घमीमा 'स्याटलाइट' कृषि फार्म स्थापना गर्ने तयारी अन्तिम चरणमा पुर्‍याएको केन्द्र प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिए । जलवायुका कारण यहाँको तल्लो भेगमा समशीतोष्ण तथा उपल्लो मुस्ताङमा शीतोष्ण फलफूल तथा तरकारीहरू उत्पादन तथा बिक्री वितरण गर्ने गरी फार्म स्थापनाको तयारी भइरहेको उनको भनाइ छ ।

यसैगरी, जलवायु संकटका कारण हिमाली जिल्लामा संस्कृति र मौलिक परम्परामासमेत असर पुर्‍याउँदै जान थालेको छ । यहाँका सदियौं वर्ष पुरानो ढुंगा र माटोले निर्मित एकापसमा जोडिएका परम्परागत घरहरू विस्तारै लोप हुने अवस्थामा छन् । ढुंगा र माटोले बनेका घरहरू, त्यसका छतमाथि लस्करै दाउरा पाँजेर राख्ने प्रचलन यहाँको सांस्कृतिक धरोहरका रूपमा लिने गरिन्छ ।

पानी नै नपर्ने जिल्ला भनेर चिनिने मुस्ताङमा पछिल्लो समय बेमौसमे वर्षा हुने गर्दा पुरानो घरहरू कमजोर बन्दै जान थालेको जोमसोमका स्थानीयवासी अजित थकाली बताउँछन् । पछिल्लो समय जलवायु संकटका कारण ढुंगा र माटोका घरहरू जोखिम देखिएको र सडक यातायातको सहजतासँगै यहाँ पुराना घरहरू विस्थापित हुँदै आधुनिक घर र बंगलाहरू निर्माण हुने क्रम बढेको थकालीले उल्लेख गरे । यसले यहाँको पुरानो मौलिक संस्कृतिमा असर पुर्‍याउँदै जान थालेकाले पर्यटन प्रवर्द्धन र विकासमासमेत क्षति तुल्याउने देखिएको उनको भनाइ छ ।

यसैगरी, जलवायु संकटका कारण वातावरणीय क्षेत्रमा प्रतिकूल असर पुर्‍याउँदै जान थालेपछि यहाँको जैविक विविधतामासमेत असर पुगेको देखिन्छ । यसका कारण हिमाली क्षेत्रको जैविक विविधतामा असर पुगेपछि यहाँको वन्यजन्तुहरू लोपोन्मुख हुन थालेका छन् । हिउँचितुवाको आहारा नाउर चरन क्षेत्रमा पर्याप्त घाँस नहुँदा बस्ती नजिक आउने गरेको र त्यसलाई पछ्याउँदै हिउँचितुवा बस्ती नजिक आउने गरेको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिञ्जिननाम्गेल गुरुङले बताए । उनले यसका कारण हिउँचितुवा र मानवबीचको द्वन्द्व बढ्दै गएकाले यहाँका पशुपालन व्यवसायमा चुनौती थपिएको उनको भनाइ छ । पछिल्लो समय यहाँ हिमालको काखमा बासस्थान जमाएर बस्ने हिउँचितुवा बस्ती र सडक छेउछाउमा देखिन थालेको छ ।

हिमाली क्षेत्रहरूमा जलवायुको असर बढ्दै जान थालेपछि यहाँको विभिन्न क्षेत्रमा देखिएका समस्या र चुनौतीहरूको यथोचित अनुकूलनका उपाय अवलम्बन गर्न मुख्य चुनौती भइरहेको छ । जलवायु संकटले भविष्यमा मुस्ताङले योभन्दा ठूला जोखिमहरू आउनसक्ने भयले स्थानीयवासी त्रसित छन् । अन्तर्राष्ट्रियस्तरमा उपलब्ध हुने जलवायु क्षतिको यथोचित हिस्सा मुस्ताङले पाउनुपर्ने यहाँका बासिन्दाको माग रहेको छ । *रासस*

# जैविक विविधता जोगाउन प्यारा तालको संरक्षण गरिँदै

सदावहार जलाशययुक्त तालको छ किलोमिटर लम्बाइ, सरदर ७० मिटर चौडाइ र १५ फिट गहिराइ रहेको छ । तालमा विश्वमै दुर्लभ मानिएको जलचर प्राणी ओद (मांशाहारी प्राणी), दक्षिण एसियामै दुर्लभ मानिएको पहेँलोधुरे प्रजातिको कछुवा, गोही, जलकपुरसँगै ३५ प्रजातिका माछा रहेका छन् ।



**कैलाली–** कैलालीसँगै सिमाना जोडिएको कञ्चनपुरको पुनर्वास नगरपालिका-८ र वडा नं ९ मा अवस्थित 'प्यारा' ताल प्राकृतिक सौन्दर्यताले हराभरा र भरिपूर्ण छ । जैविक विविधताको दृष्टिकोणले पनि तालको छुट्टै महत्त्व छ ।

सदावहार जलाशययुक्त तालको छ किलोमिटर लम्बाइ, सरदर ७० मिटर चौडाइ र १५ फिट गहिराइ रहेको छ । तालमा विश्वमै दुर्लभ मानिएको जलचर प्राणी ओद (मांशाहारी प्राणी), दक्षिण एसियामै दुर्लभ मानिएको पहेँलोधुरे प्रजातिको कछुवा, गोही, जलकपुरसँगै ३५ प्रजातिका माछा रहेका छन् ।

योसँगै खोज र अनुसन्धान हुन नसकेका थुप्रै यस्ता संरक्षण गर्नुपर्ने जलचर र उभयचर प्राणीको बासस्थान यो तालमा छ । राज्यका सरोकारवाला निकायको पहुँचभन्दा टाढा रहेका कारणले ओझेलमा परेको तालको संरक्षण तथा सम्वर्द्धनका लागि सुरुमा नागरिकस्तरबाट नै केही गर्न सकिन्छ भन्ने उद्देश्यले ताल संरक्षणको अभियानमा जुटेको प्याराताल पर्यटन प्रवर्द्धन तथा संरक्षण समितिका अध्यक्ष दिपेन्द्र बस्नेतले जानकारी दिए ।

तालको प्रचारप्रसार नभएको र महत्त्वबारे जानकारी नपाएकैले स्थानीयबाट यो तालको अतिक्रमण भइरहेको अध्यक्ष बस्नेतले बताए । मानवको बढी चहलपहललगायत विभिन्न कारणले गर्दा जलचर प्राणीको अस्तित्व संकटमा पर्ने अवस्थालाई मध्यनजर गर्दै पर्यटन प्रवर्द्धनका माध्यमबाट तालको संरक्षणमा एउटा राज्यको ध्यान केन्द्रित गर्ने अभिप्रायले २०८० असार २० गतेदेखि ताल संरक्षणको अभियानमा जुटेको उनले बताए ।

यसरी अभियान सुरु भएसँगै सुरुआती चरणमा ताल क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने हेतुले स्वस्फूर्त रूपमा नागरिकस्तरबाट आर्थिक सहयोग जुटेको थियो । सोही अभियानस्वरूप ताल परिसरमा अहिले विभिन्न दुर्लभ जलचर प्राणीहरू ओद, पहेंलोधुरे कछुवा, जलकपुर माछाका साथै जरायो र गोहीका प्रतिमा निर्माण गरिएका छन् । त्यस्तै मयुर, पाठेबाघ र सिम कुखुराको प्रतिमा निर्माणको काम पनि अगाडि बढेको अध्यक्ष बस्नेतले बताए ।

तालको संरक्षण तथा प्रवर्द्धनका लागि भनेर गत आव २०८१/८२ मा संघीय सरकारको ९० लाख रूपैयाँ रकम विनियोजन गरिएको थियो । उक्त रकम पुनर्वास नगरपालिकामार्फत बोलपत्र आह्वान गर्दा ७३ लाख रूपैयाँमा टेण्डर भई तटबन्धको निर्माण सुरु गरिएको उनले जानकारी दिए ।

उनका अनुसार ११० मिटर लम्बाइ तटबन्ध निर्माणको काम सुरु भएसँगै ८५ मिटर तटबन्धको काम भइसकेको छ । करिब २५ मिटर तटबन्ध निर्माणको काम बन्न बाँकी छ । ताल परिसरमा माटो फिलिङ गर्नुका साथै एउटा सभाहलसमेत निर्माण गरिएको छ ।

ताललाई पर्यटनको केन्द्रका रूपमा विकास गर्न नगरपालिकाले तालको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेको बताइएको छ । जैविक हिसाबले महत्त्वपूर्ण मानिएको प्यारा तालको संरक्षण तथा प्रवर्द्धन, यसको प्रचारप्रसारका साथै आन्तरिक पर्यटकलाई आकर्षक हुनेखालको संरचना निर्माण गर्नसके सुदूरपश्चिममै एउटा पर्यटकीयस्थलको रूपमा विकास गर्न सकिने अपेक्षा गरिएको छ ।

छिमेकी मुलुक भारतसँग भूभाग जोडिएको उक्त तालको राज्यस्तरबाट समयमै संरक्षण तथा सम्वर्द्धन गर्नमा ध्यान गएन भने ताल संरक्षणमा असर पर्नसक्ने सोही क्षेत्रका स्थानीय जानकारहरूको भनाइ छ । *रासस*



**जलमग्न अस्पताल** | शुक्रबार दिउँसोको वर्षापछि ढल निकासको उचित व्यवस्था नहुँदा जलमग्न बनेको दाङस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर ।
*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# लेखापरीक्षणमा उत्कृष्ट ईशनाथ नगरपालिकालाई प्रशंसापत्र

■ **आरएन पटेल**



**रौतहट–** आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणमा उत्कृष्ट ईशनाथ नगरपालिकालाई महालेखापरीक्षकको कार्यालयबाट प्रशंसापत्र दिइएको छ । मधेस प्रदेशबाट उत्कृष्ट प्रदर्शन गर्ने एकमात्र स्थानीय तहको रूपमा ईशनाथ नगरपालिका चयन भएको हो ।

नगरपालिकामा आयोजित विशेष कार्यक्रममा नायब महालेखापरीक्षक इन्द्रप्रसाद आचार्य, उपमहालेखापरीक्षक पदमराज पौडेल तथा महालेखापरीक्षक तोयम रायाको संयुक्त हस्ताक्षरित उक्त प्रशंसापत्र नगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

लेखापरीक्षणका क्रममा ईशनाथ नगरपालिकाको कूल बेरुजु ७६ लाख ३८ हजार रूपैयाँमात्र देखिएको थियो । जुन लेखापरीक्षण गरिएको कूल रकमको केवल ०.६१ प्रतिशत हो । साथै, यस नगरपालिकाले सात करोड ६६ लाख २० हजार रूपैयाँबराबरको बेरुजु फस्र्योट तथा सम्परीक्षण गरिएको नगरपालिकाले जानकारी दिएको छ ।

नगरप्रमुख कौशल्या देवीले यो पुरस्कार सम्पूर्ण नगरवासी र कर्मचारीहरूको साझा उपलब्धि भएको बताइन् । 'हामी अझ पारदर्शी, उत्तरदायी र सेवामुखी नगरपालिका निर्माणमा प्रतिबद्ध छौं,' उनले भनिन् । यस कार्यले पालिकाको सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलगायत नगरबासीहरूको गौरव बढाएको उनको भनाइ छ ।

प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले वित्तीय अनुशासन कायम गर्न र लेखापरीक्षणको सन्तोषजनक नतिजा ल्याउन कर्मचारीहरूको निरन्तर प्रयासले काम गरेको बताए । 'विभागीय समन्वय र समयमै तथ्यांक अद्यावधिक गर्ने संस्कार मुख्य कारण हुन्,' उनले भने । कार्यक्रममा सहभागी विभिन्न सरोकारवालाहरूले आर्थिक पारदर्शिता र स्थानीय तहको सुशासन प्रवर्द्धनमा नगरपालिकाको उदाहरणीय कार्यशैलीको प्रशंसा गरेका थिए ।

# पहिरोले भवन बगाएपछि विद्यालय स्थानान्तरण



**म्याग्दी–** पहिरोले कक्षाकोठा भवन, शौचालय, खेलमैदानलगायत सबै संरचना बगाएपछि म्याग्दीको मालिका गाउँपालिका-४ मा रहेको ओखरबोट माध्यमिक विद्यालय स्थानान्तरण भएको छ । ओखरबोटको फेदीमा रहेको पाखोबाट सुरु भएको पहिरोले पुरानो भवनसहित भौतिक संरचना बगाएपछि किमबोटमा अस्थायी भवन निर्माण गरी पठनपाठन सञ्चालन गरिएको हो ।

आर्थिक वर्ष २०८१/८२ मा मालिका गाउँपालिकाको २० लाख रूपैयाँ अनुदानमा १३ कोठे कच्ची भवन बनाएर स्थानान्तरण गरिएको मालिका-४ का वडाध्यक्ष भिजेन्द्रमान पुनले बताए । 'विद्यालयको थप पूर्वाधारका लागि यस वर्ष १० लाख रूपैयाँ विनियोजन भएको छ,' उनले भने, 'पहिरो रोकथामका लागि संघीय र प्रदेश सरकारसँग पहल गरेका छौं ।' चार/चार कोठे दुईवटा पक्की भवनमुनिको जमिन चर्किएपछि ढल्ने अवस्थामा रहेका उनले जानकारी दिए ।

ढुंगा, माटो र काठले बनेको १७ कोठे कच्ची भवन, शौचालय, घेराबार र खेलमैदान पहिरोसँगै बगेको छ । भिरालो पाखोमा रहेको विद्यालय भवनमाथि रहेको सडकको भल, भूमिगत पानी, कमजोर भूगोल र तल रहेको दाजुङखोलाको कटानका कारण पहिरो गएको स्थानीय बताउँछन् । पहिरोले तीन करोड रूपैयाँभन्दा बढीको भौतिक संरचनामा क्षति पुऱ्याएको विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष पबहादुर विश्वकर्माले बताए । 'किमबोटको अस्थायी भवन परिसरमा घेराबार, ढल व्यवस्थापन र संरक्षणका लागि स्रोतको खोजीमा छौं,' उनले भने, 'पुरानो भवनको ढुंगा र फर्निचर प्रयोग गरेर अस्थायी भवन बनाएका हौं ।'

विद्यालयका प्रधानाध्यापक नवीन कार्कीका अनुसार वि.सं. २००८ मा स्थापना भएको कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा हाल २०० विद्यार्थी अध्ययनरत छन् । 'कच्ची भवनको एउटा कोठामा पढाएको अर्को कोठामा सुनिन्छ । कोठा विभाजन, पलास्टर र रङरोगन तथा घेराबार गर्न बाँकी छ,' उनले भने ।

ओखरबोट गाउँभित्र भवन बनाउन २०८० मंसिरमा अमिक शेरचनका १० दाजुभाइले नौ रोपनी तीन आना तीन दाम दुई पैसा क्षेत्रफल भएको जग्गा उपलब्ध गराएका थिए । पूर्वउपप्रधानमन्त्री रहेका शेरचनका दाजुभाइले सरकारको मापदण्डअनुसार ४४ लाख ७७ हजार रूपैयाँ मूल्य पर्ने उक्त जग्गा निःशुल्करूपमा उपलब्ध गराए पनि नाम राख्ने विषयमा विवाद देखिएको थियो ।

वडा सदस्य भिमसरा पुनले जग्गादाताले विद्यालयको नाम परिवर्तन गर्न प्रस्ताव गरे पनि गाउँपालिका तहमा सहमति नजुटेकाले उक्त जग्गामा भवन निर्माण प्रक्रिया अघि बढ्न नसकेको बताए । पहिरोले क्षति गरेको विद्यालयको बुधबार निरीक्षण गरेका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले तत्कालीनरूपमा अस्थायी कक्षाकोठा व्यवस्थापन गर्न सरकारसँग समन्वय गर्ने प्रतिबद्धता जनाए ।

जग्गादाता र गाउँपालिका तथा समुदायले विद्यालयको नामसम्बन्धी विषयलाई टुंगो लगाउन आग्रह गर्दै उनले थप पूर्वाधार निर्माणका लागि प्रदेश र संघीय सरकारका निकायमा पहल गर्ने बताए । *रासस*

# सुदूरपश्चिमको हुडकेली लोकनृत्य लोप हुने संघारमा

■ **राजेन्द्रप्रसाद पनेरू**



**कञ्चनपुर–** सुदूरपश्चिमको ऐतिहासिक लोकनृत्य हुडकेली लोप हुने संघारमा पुगेको छ । वीरविरंगनाहरूको गीति कथामा गरिने नृत्य पुस्तान्तरण हुन नसक्दा लोप हुने अवस्थामा पुगेको हो । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-११ कलुवापुर निवासी ५० वर्षीय गंगाराम दमाई हुडकेली नृत्यमा निपूण भए पनि यस नृत्यको माग कतैबाट नआउँदा निकै चिन्तित छन् ।

उनले बाजेबाट हुडके (ठूलो डमरुजस्तै बाजा) बजाउने र हुडकेलीमा गीतिकथा गाउने कला सिकेका हुन् । 'धार्मिक कार्य, विवाह, व्रतबन्ध, न्वारन, छैटी, अन्नप्राशनलगायत शुभ अवसरमा हुडकेली नृत्यको निकै माग हुन्थ्यो,' उनले भने, 'बाजेबाटै १७ वर्षकै उमेरमा हुडकेली लगाउने कला सिकेको हुँ, मौखिकरूपमा इतिहासका पात्रहरू (वीरविरंगनाहरू)को कथा गीतमा ढालेर रोचक तरिकाले प्रस्तुत गरिन्थ्यो, निकै सुन्ने गर्दथे, अहिले यो नृत्य ओझेलमा परेको छ ।'

'पहिले वर्षमा धेरै ठाउँमा बोलाइन्थ्यो, अहिले वर्षमा एकपटक पनि हुडकेली नाच्न माग हुँदैन,' उनी थप भन्छन् । डडेलधुराको अजयमेरु गाउँपालिका-२ बसना गाउँमा जन्मिएका गंगाराम २५ वर्षको उमेरमा तराई झरेका हुन् । उनले हुडकेली कला पनि साथमै ल्याए तर यसैमा जीवन धान्न भने नसकिएको अनुभव सुनाउँछन् । उनका अनुसार पहिलाका दिनमा हुडकेली विशेषगरी हुनेखाने परिवारले मात्र लगाउँथे । हुडकेली प्रदर्शनबापत कलाकारलाई पाथी चामल, खसी, बोका दिने चलन थियो ।

ताउला भादला, चरुलगायत भाँडाकुँडा दिने प्रचलन पनि थियो । त्यतिबेला हुडकेलीमै जीविका चल्थ्यो । तर, आधुनिक रहनसहन, वेशभूषा र जीवनशैलीसँगै यो परम्परा विस्तारै हराउँदै गएको छ । 'पुरानो पुस्ताले हुडकेली गाए, नाचे, नयाँ पुस्ताले सिक्नै चाहेन,' गंगाराम भन्छन्, 'अहिले सबैलाई आधुनिक साउण्ड सिस्टम, व्याण्डबाजाको मोह छ, त्यसैले हुडके बाजा पाउन पनि मुस्किल भएको छ ।'

सुदूरपश्चिमको लोककलाका जानकार गोरे दमाई भन्छन्, 'लोकसंस्कृतिलाई जोगाउनुपर्छ भन्ने सबैको भनाइ हुन्छ, तर कसैले पनि हुडकेली सिक्ने, अभ्यास गर्ने चासो देखाउँदैनन्, हुडकेली लोप हुनै लाग्दा पनि चासो छैन ।' पूर्वजनप्रतिनिधि टेकबहादुर हमालका अनुसार युद्धमा लड्ने सैनिकहरूको मनोबल उच्च राख्न वीरगाथा सुनाएर मनोरञ्जन दिने माध्यमका रूपमा यसको प्रयोग हुन्थ्यो । हुडकेली नृत्यका प्रस्तुतकर्ताले वीरगाथा, ऐतिहासिक घटना र वीरताको कथा गीतमार्फत प्रस्तुत गर्ने उनी बताउँछन् । उनी भन्छन्, 'यसै क्रममा नृत्यमा तलबार र ढालको करतब देखाइन्छ । गायनलाई दमाहा, हुडका र घुँघरुको तालले साथ दिइन्छ, हुडकेलीका नृत्यंगनाले टाउकोमा मखमलको पगडी, शरीरमा भोटो र सेतो रङको झकुलो (विशेष पहिरन) लगाउँछन् ।'

हातमा हुडका, हुडकाको डोरीमा घुँघरु, चौंरीगाईको चमर, कम्मरमा कूलदेवताका घण्टी, चौंरीगाईको पुच्छरको सजावटसहित नृत्य गरिने चलन रहेको उनले बताए । 'परापूर्वकालमा राजारजौटाहरू युद्धमा जितेर फर्केपछि खुसीयालीस्वरूप हुडकेली लगाउने चलन थियो, यो नृत्य डोटी र कुमाउँको इतिहाससँग जोडिएको मानिन्छ,' उनी भन्छन् ।

एक जना नाच्दै हुडका बजाउँछन् र गीतिकथा भटचाउँछन् । दुई जनाले युद्धको झल्को दिनेगरी तलबार र ढालको करतब देखाउँछन् । पाँच जनाले दमाहा बजाउँदै गीतमा साथ दिने गर्छन् । नृत्यंगनाको सिको गर्दै गाउनेलाई पछुवा वा 'जोले' भनिन्छ ।

यसरी प्रस्तुत हुने हुडकेली आफैंमा रोमाञ्चकमात्र नभई डोटेली इतिहासका पात्रहरूको सम्झना गर्ने माध्यम रहेको उनी उल्लेख गर्छन् । 'पहिलाका दिनमा हुडकेली लगाउँदा गाउँभरिका मानिस एकैठाउँमा भेला भएर हेर्ने प्रचलन थियो,' टीका दमाईले भने, 'दलित समुदायका हुडकेली लगाउने कलाकारलाई थितो दिने, जग्गामा बालो बर्सी (एक वर्ष अन्न कमाएर खाने अधिकार) दिने चलन हुडकेलीसँग गाँसिएको थियो, हुडकेली नै लोप हुने संघारमा पुगेकाले पुराना रीतितिथिहरू पनि विस्तारै ओझेलमा पर्दै गए ।'

हुडकेली नृत्य केवल सुदूरपश्चिमका दार्चुला, बैतडी, डडेलधुरा, डोटी, बाजुरा, बझाङ, अछाम, कैलाली र कञ्चनपुरमै सीमित नभएर भारतको उत्तराखण्ड प्रदेश (कुमाउँ-गढवाल)मा समेत शुभअवसरमा यसलाई प्राथमिकता दिने गरिन्थ्यो । लोकसंस्कृतिका जानकार मानसिं भण्डारी भन्छन्, 'हुडकेलीमा वीरगाथा सुनाइन्छ, युद्धकौशल देखाइन्छ, वंशावलीको वर्णन हुन्छ, यसले तत्कालीन राजनीतिक, सामाजिक र सांस्कृतिक परिवेशलाई प्रतिविम्बित गर्छ ।'

उनका अनुसार हुडकेली नृत्य १८०१ सालभन्दा अगाडि नै अस्तित्वमा रहेको थियो । बाइस पाट कुमाउँ अम्मरगढीका राजा त्रिपाल चन्दको जीवनीमा आधारित गीतिकथा हुडकेलीको प्रारम्भमा सुनाइने भएकाले यो नृत्य भारतको कुमाउँ क्षेत्रबाट भित्रिएको प्रमाण मानिन्छ ।

हुडकेली सुरु गर्दा गुरु र देवताको नाम स्मरण गर्ने भएकाले यसले धार्मिक आस्था, समाजिक सद्भाव र मान्यतालाई अगाडि बढाउने कार्य गरेको उनी बताउँछन् । डोटेली इतिहासका वीरपात्र शोभी रावत, विगा पनेरु, काला भण्डारी, हिया कठायत, रती रावल, सुजुवुजु रौतेला, पिरी बोहरा, संग्राम कार्की, दीपा ऐर, लाली साउनलगायतका कथा हुडकेलीमा गाइन्छ । यो नृत्य वीरगाथा सुन्ने, मनोरञ्जन गर्ने र इतिहास सम्झाउने महत्त्वपूर्ण माध्यमका रूपमा रहेको छ ।

नृत्यलाई अझ आकर्षक बनाउन कलाकारले अनौठा कलाकौशल पनि देखाउँछन् । उदाहरणका लागि उल्टो परेर आँखाको परेलाले सियो वा पैसा उठाउने कामसमेत गरिन्छ । यो साहसीमात्र नभई कठिन कलाका रूपमा लिइन्छ ।

'हुडकेली दमाई समुदायले जगेर्ना गर्दै आएको नृत्य हो,' भीम दमाईले भने, 'यो पुर्खाले सिकाएको कला परम्परा नयाँ पुस्ताले सिकेन भने केही वर्षमै हुडकेली केवल किताबका पानामा मात्र सीमित हुनेछ ।' यसैले संस्कृति संरक्षणका निकाय, स्थानीय तह र समाजसेवी संस्थाले हुडकेलीलाई पुनर्जीवित गर्न पहल नगरेसम्म सुदूरपश्चिमको यो गौरवमय लोकनृत्य इतिहासकै पानामा मात्र सीमित हुने खतरा बढ्दै गएको सुदूरपश्चिमको संस्कृतिका जानकारहरूको भनाइ छ । *रासस*

# रक्तसञ्चार केन्द्रमा छैन रगत वर्गीकरण गर्ने मेसिन

**तुलसीपुर (दाङ)–** तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालको प्रांगणमा रहेको रक्त सञ्चार केन्द्रमा रगत वर्गीकरण गर्ने मेसिन छैन । विसं २०७४ देखि सञ्चालित कालिकादेवी रक्त सञ्चार केन्द्रमा अझै पनि रगत वर्गीकरण गर्ने (कम्पोनेन्ट मेसिन) नहुँदा रगत वर्गीकरणमा समस्या भएको छ ।

रक्त सञ्चार केन्द्रका इन्चार्ज नरेश चौधरीका अनुसार अहिले फ्रिजमात्र छ, रगत वर्गीकरण गर्ने कम्पोनेन्ट मेसिन छैन । कसैलाई सेतो रक्तकोषिका चाहिएको हुन्छ, त्यसका लागि कि त घोराहीबाट कि त नेपालगञ्जबाट ल्याउनुपर्ने हुन्छ । अहिले पनि महिनामा २० जनाभन्दा बढीलाई सेतो रक्तकोषिका चाहिने गरेको छ, तर त्यो रगत नहुँदा कुनै बिरामीलाई 'होलब्लड' नै दिने गरिएको छ । अतिआवश्यक परेमा घोराहीबाट ल्याउने गरिएको छ ।

मेसिन भएमा रातो रक्तकोष, सेतो रक्तकोष, प्लेटलेट रगत छुट्याएर जुन बिरामीलाई आवश्यक पर्छ, त्यसैलाई दिन सकिने चौधरीले बताए । माग भइरहे पनि उक्त मेसिन नहुँदा समस्या हुने गरेको उनको भनाइ छ । हाल कम्पोनेन्ट मेसिन घोराहीमा मात्र छ । रेडक्रसले घोराहीमा सञ्चालन गरेको रक्त सञ्चार केन्द्रमा मात्र कम्पोनेन्ट मेसिन छ । प्रदेश सरकार र घोराही उपमहानगरपालिकाको सहयोगमा ३५ लाख रूपैयाँमा उक्त मेसिन ल्याइएको हो । हाल जिल्लामा सोही मेसिनबाट नै काम चलाउने गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका अधिकृत विश्राम अधिकारीले बताए ।

उनले भने, 'अहिले घोराहीमा त मेसिन छ, तर त्यो पनि बिग्रियो भने कि त बुटवल जानुपर्छ कि भने नेपालगञ्ज जानुपर्छ । अहिले कम्पोनेन्ट मेसिन नभएकै कारण धेरै बिरामी जिल्लाबाट रेफर गर्नुपर्ने अवस्था छ ।' *रासस*


**MAURITIUS मा रोजगार** — कम्पनी : **CHARTRADE LTD**

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330731 | चलानी नं. ६०२४४४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 21 | 0 | 17500 | ५३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **LA CHARTREUSE TEA MANUFACTURING CO LTD**

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | LT. No. 330730 | चलानी नं. ६०२४४४८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 18500 | ५६,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Machine Operator | 1 | 0 | 18500 | ५६,५८५ | | | | | | | |
| 3 | Production Operator | 3 | 0 | 18500 | ५६,५८५ | | | | | | | |
| 4 | Factory Operator | 0 | 6 | 18500 | ५६,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २८ गते (13th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060
**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

प्रभाव दैनिक

शनिबार, २१ भदौ २०८२ (Saturday, 06 September 2025)

## रूपशाला

### 'धागो' को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक

अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म 'धागो'को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक गरिएको छ । गायक पुष्पन प्रधान र गायिका आकांक्षा थापाको स्वर रहेको गीतमा शब्द र सङ्गीत पनि पुष्पन प्रधानकै छ । रोमान्टिक शैलीको गीतमा अभिनेता बुद्धि तामाङ, अभिनेत्री वर्षा राउत, सुरक्षा पन्त, प्रभात थापा र सुरभि थापा लगायतका कलाकारहरु देखिएका छन् ।



# डा. लम्सालको चौथो महाकाव्य 'कल्प' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** काव्यकार डा. नवराज लम्सालको चौथो महाकाव्य 'कल्प' लोकार्पण गरिएको छ । शिखा बुक्सद्वारा शुक्रबार यहाँ आयोजित कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, सांसदहरू विद्या भट्टराई, सुदन किराती र मनिष झा, साहित्यिक पत्रकार राजकुमार बानियाँलगायत महाकाव्य 'कल्प' लोकार्पण गरेका हुन् ।

महामन्त्री थापाले महाकाव्यमा लम्सालको प्रतिस्पर्धा आफैँसँग रहेको बताउँदै इतिहास, धर्म, संस्कृति, मानवतालगायत बहुआयामिकता विषय महाकाव्यमा समेटिएका उल्लेख गरे । कांग्रेस केन्द्रीय कार्यालयमा स्थापना भएको पुस्तकालय विभागले कल्प महाकाव्यका बारेमा बहस र अन्तरक्रिया गराउने उनले प्रतिबद्धता जनाए ।

सांसद भट्टराईले मानिस, प्रकृति र संस्कृतिबीचको सम्बन्ध कल्प महाकाव्यमा रहेको बताइन् । वेदका छ वटा अङ्गमध्ये कल्प पनि एउटा भएको बताउँदै उनले अहिलेका विद्यार्थीलाई किताबको भारी बोकाए पनि यथार्थ ज्ञान दिन नसकिएको अवस्था पुस्तकले चित्रण गरेको धारणा राखिन् । मौलिकता हराएर सामाजिक आदर्शमा विचलन आएकाले सुधारका लागि कल्पले प्रेरित गर्ने उनले विश्वास व्यक्त गरिन् ।

सांसद किरातीले संविधान संशोधनका लागि सरकार गठन भएको र केही चर्चा पनि चलिरहेका बेला संविधानभन्दा पहिले सोचमा संशोधन गरिनुपर्ने बताए । चेपाङ, वनकरिया र राउटेको संस्कृतिका बारेमा महाकाव्य लेख्न उनले महाकाव्यकार लम्सालसँग आग्रह गरे ।

सांसद झाले अज्ञानले संस्कृति र लोभले प्रकृति मासिएकाले यसबाट शिक्षा दिनेगरी महाकाव्य कल्प सार्वजनिक भएको बताए । अभिव्यक्ति स्वतन्त्रताको चर्चा गरिरहँदा सोच्ने स्वतन्त्रता छ कि छैन ? भन्ने बहस गर्नुपर्ने अवस्था आएको उनले उल्लेख गरे ।

साहित्यिक समीक्षा गर्दै पत्रकार बानियाँले देश, धर्म र संस्कृतिको गहिरो जानकारी दिने महाकाव्य कल्प नवीन सोचसहित आएको बताए । साहित्य र राजनीतिमा वैश्विक चेतना आवश्यक छ भन्ने सन्देश महाकाव्यले दिएको उनको भनाइ छ ।

महाकाव्यकार लम्सालले चौथो महाकाव्यका लोकार्पण गर्ने अवसरमा आफूमा ब्रह्मानन्द अनुभूति भएको बताए । महाकाव्यमा तीन खण्ड र ११ सर्ग रहेका लोकार्पण समारोहमा गराइएको जानकारी थियो । यसअघि डा. लम्सालका कर्ण, धरा र अग्नि महाकाव्य प्रकाशन भइसकेका छन् ।

# युरोपबाट बिदा भयो नेपथ्य

■ प्रभाव संवाददाता



**काठमाडौं–** लन्डनको वेम्बली एरिनामा १० हजार दर्शकमाझ प्रस्तुति दिएर सुरु भएको नेपथ्यको शृंखलाबद्ध युरोप यात्रा लगातार भव्य सफलताको मानक खडा गर्दै टुङ्गिएको छ। नेपथ्यले यस वर्षको युरोप यात्राको अन्तिम प्रस्तुति बुधबार बेल्जियममा गरेको छ।

बेल्जियममा स्थानीय एईडी स्टुडियोस्थित हलभरि दर्शकको उपस्थितिमाझ बुधबार बेलुकी ठिक ८ बजे नेपथ्यको कन्सर्ट सुरु भएको थियो । दुई वटा म्युजिक भिडियो सकिनासाथ चर्को दर्शक आवाजबिच नेपथ्य टोली मञ्चमा देखा परेको थियो ।

लगत्तै जब गायक अमृत गुरुङ मञ्चमा उपस्थित भए, हलभरि विभिन्न 'स्पेशल इफेक्ट' का प्रभाव- ध्वनि, प्रकाश, सीओटूको मुस्लो र कनफेटिको टुक्रा बनेर फैलिन थाले। र, सुरु भयो नेपथ्यको पहिलो गीत 'कोशीको पानी यो जिन्दगानी'। गीतमा रहेको 'आमाको कोखमा बास मात्र लिएँ, कुन देशको मरन हौ हजुर' गाइरहँदा दर्शक दीर्घामा कतिपय अनुहार भावुक देखिन्थे।

'माल्टामै आयोजित अघिल्लो कार्यक्रममा केही गीत मात्र सुन्न पाएको थिएँ,' बेल्जियमको कन्सर्ट हेर्न माल्टादेखि आइपुगेका रेस्टुरेन्ट व्यवसायी उदयबाबु श्रेष्ठ भन्दै थिए, 'नेपथ्य युरोपमै रहेको बेला पूरै कन्सर्ट हेरेरै छाड्ने अठोटका साथ त्यति परदेखि आएँ।'

कन्सर्ट अवधिभर नाच्दै रमाइरहेका उदयबाबु केवल यत्ति हेर्नका लागि बेल्जियम आएका थिए र बिहीबार बिहानैको पहिलो विमानबाट माल्टा फर्केका थिए । 'नेपथ्यले मलाई जीवनकै एउटा यादगार साँझ दिएको छ,' उनले थपे, 'त्यसका लागि म ब्यान्डलाई धन्यवाद नदिइरहन सक्दिनँ ।' कन्सर्टमा त्यसपछि 'भेडाको ऊन', 'छेक्यो छेक्यो', 'आँगनैभरि' र 'लामपाते सुरती' जस्ता नेपथ्यका सर्वकालिक हिट गीतहरू सुनाइएका थिए ।'यस सहरमा नेपाली समुदायको चहलपहल लामो समयदेखि भए पनि यति धेरै दर्शकचाहिँ आज पहिलोपटक देखिएका हुन्,' आयोजक टोलीका अजित तुलाचन भन्दै थिए- 'यसअघि ठुला आयोजनामा पनि बढीमा छ-सात सय दर्शक मात्र सहभागी हुन्थे ।'

अजितका अनुसार दर्शक उपस्थिति मात्र नभई स्तरीयताका हिसाबले पनि बेल्जियमको माटोमा यस कन्सर्टले नेपाली कार्यक्रमका लागि कोसेढुङ्गा स्थापित गरिदिएको छ । 'अन्तर्राष्ट्रिय स्तरको शो प्रस्तुत गर्न सक्ने व्यवसायिक समूहसँग आयोजक भई काम गर्दाको अनुभवै बेग्लै हुन्छ,' उनले थपे- 'यस सहकार्यबाट मलाई धेरै ज्ञान बटुल्ने अवसर पनि प्राप्त भएको छ ।'

कन्सर्टमा मायाप्रीतिका गीतहरूदेखि लिएर 'यो जिन्दगानी' जस्तो सामाजिक भावना, 'गाउँ गाउँबाट उठ' जस्ता जागरण हुँदै 'रातो र चन्द्र सुर्जे' जस्तो राष्ट्रियता झकझक्याउने गीतहरू प्रस्तुत भएका थिए । सधैँझैँ यिनै गीतका भावसँग मिल्ने सामाजिक सन्देशहरू पनि बिच-बिचमा गायक अमृतले प्रवाह गरे । विदेशमा रहँदा सबैलाई मिलेर बस्न आह्वान उनले गरे । 'तपाईंहरू बसेको मुलुकको संस्कृति र यहाँका मानिसलाई सम्मान गर्न नछाड्नुहोला,' उनी भन्दै थिए, 'तपाईंले उनीहरूलाई सम्मान गर्नुभयो भने तपाईंको मान पनि उनीहरूले राख्नेछन् ।'

विगतमा बर्मा, मेघालय र भुटानजस्ता देशहरूबाट फर्काइएका नेपालीको भोगाइलाई सम्झेर भए पनि स्वदेशसँगको आफ्नो नाता सम्बन्ध जोगाइरहन अमृतले सुझाव पनि दिए । 'कथम्कदाचित् केही भइहाले तपाईंहरू आउने त्यही हिमालको काख नै हो,' उनले भने ।

कन्सर्टमा बेल्जियमबाहेक वरपरका युरोपेली मुलुकहरू खास गरी नेदरल्यान्ड्स, लग्जम्बर्ग, फ्रान्स, जर्मनी, अस्ट्रिया लगायतबाट आएका दर्शक पनि उत्तिकै देखिन्थे । २० वर्ष पहिले पनि आम्स्टरडममा नेपथ्य कार्यक्रम आयोजना गरेका हिमालय फिल्म फेस्टिवलका डा. ग्लेन मित्रसिङ यसपालि कन्सर्ट हेर्नकै लागि नेदरल्यान्ड्सदेखि तीन घण्टा मोटर हाँकेर आएका थिए ।

'यस अवधिमा ब्यान्ड झनै बढी परिपक्व भएको, आफ्नो जरालाई अझ बलियोसँग समातेको र उपल्लो स्तरको व्यावसायिक प्रस्तुतिमा पोख्त बनेको पाएँ ।' कन्सर्टको अन्त्यतिर अमृतले दर्शकसँग 'अब कुन गीत सुन्ने ?' भनेर प्रश्न गरेका थिए । त्यसमा अधिकांश दर्शकले 'रेशम' भनेर चिच्याए ।

'रेशम' पछि 'तालको पानी' हुँदै 'रातो र चन्द्र सुर्जे' गीतमा पुगेपछि कार्यक्रम अन्त्य भएको थियो । कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए ।

लन्डनको वेम्बली एरिनाबाट एक महिनाअघि सुरु भएको नेपथ्यको शृंखलाबद्ध युरोप यात्राका क्रममा नेपथ्यले डेनमार्क, माल्टा र पोर्चुगलमा पनि आफूलाई प्रस्तुत गरेको थियो । सबैतिरजस्तै बेल्जियममा पनि 'हाउसफुल' दर्शकको माया बटुलेर १४ सदस्यीय कलाकार, प्राविधिक र व्यवस्थापनको टोली स्वदेश फर्केको छ ।

## रंगशाला

**एभरेस्ट महिला भलिबल लिग**

# कर्णाली र ललितपुरको विजयी सुरुआत



■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा शुक्रबारदेखि दोस्रो संस्करणको एभरेष्ट महिला भलिबल लिग सुरु भएको छ । इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा सञ्चालन भएको प्रतियोगिताको पहिलो खेलमा साविक विजेता कर्णाली यशविस र ललितपुर क्विन्सले विजयी सुरुआत गरेका छन् । आफ्नो पहिलो खेल जितेका दुवै टोलीले तीन-तीन अङ्क बटुलेका हुन् ।

प्रतियोगिताको उद्घाटन खेलमा कर्णालीले घरेलु टोली पोखरा निन्जाजमाथि ३-० को सोझो सेटमा जित निकालेको हो । कर्णालीले पहिलो सेट २५-२१ ले जित्यो । दोस्रो सेटमा २५-२० को जित निकालेको कर्णाली तेस्रो सेटमा झनै लयमा देखियो । उसले तेस्रो सेट २५-१४ अंकले जितेर उत्कृष्ट सुरुआत गरेको हो ।

त्यसैगरी, दोस्रो खेलमा ललितपुरले मधेस युनाइटेडलाई ३-० को सोझो सेटमा पराजित गर्‍यो । पहिलो सेट २५-१७ ले आफ्नो पक्षमा पारेको ललितपुरले दोस्रो सेट २५-१३ र तेस्रो सेट २५-१९ ले जित निकाल्यो ।

प्रतियोगिताअन्तर्गत शनिबार पहिलो खेल ललितपुर क्विन्स र काठमाडौं स्पाइकर्सबीच तथा दोस्रो खेल कर्णाली यशविस र लुम्बिनी लाभाजबीच खेल हुने आयोजकले जनाएको छ । भोलिको अन्तिम खेल पोखरा निन्जाज र मधेस युनाइटेडबीच हुनेछ ।

यही भदौ २८ गतेसम्म सञ्चालन हुने लिगमा छ फ्रेन्चाइज टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । सहभागी टोलीले 'सिंगल राउण्ड रोविन'का आधारमा एकआपसमा खेलेपछि बढी अंक जोड्ने दुई टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

यसअघि प्रतियोगिताको उद्घाटन गर्दै युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले पोखरालाई स्पोर्ट्स् हब बनाउने गरी सरकारले प्राथमिकता दिएको बताए । उनले पोखरा क्रिकेटमैदान तथा फुटबल रंगशालाको स्तरोन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गरिएको जानकारी दिए ।

# नेपाल र बंगलादेशबीचको पहिलो खेल आज




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली राष्ट्रिय फुटबल टोली घरेलु मैदानमा बंगलादेशसँग दुई मैत्रीपूर्ण खेलमा मैदानमा उत्रँदैछ । प्रशिक्षक म्याट रसका अनुसार यो एक सामान्य मैत्रीपूर्ण खेल मात्रै होइन । यो त घरेलु टोलीका लागि आफ्नो तयारी र क्षमतालाई परीक्षण गर्ने सुनौलो अवसर हो ।

शुक्रबार आयोजित प्रि-म्याच प्रेस कन्फेरेन्समा उनले बंगलादेशको टोलीको क्षमताबारे सम्मान जनाउँदै भने, 'हाम्रो तयारी राम्रो भएको छ । घरेलु दर्शकको अगाडि खेल्दा उत्कृष्ट प्रतिस्पर्धा हुनेछ र हामी जित्नेमा विश्वास पनि छ ।' रसका शब्दमा जित मात्र लक्ष्य होइन खेलाडीहरूको आत्मविश्वास र टोलीको सामूहिक तालमेल देखाउने यो खेल पनि महत्वपूर्ण छ ।

कप्तान किरण चेम्जोङले पनि टोलीको तयारीको सकारात्मक मूल्यांकन गरे । 'मैले अधिकांश प्रशिक्षणहरूमा भाग लिन सकिनँ, तर टोलीको तयारी राम्रो छ । म पनि खेलका लागि पूर्ण रूपमा तयार छु । घरेलु मैदानमा खेल्न पाउँदा उत्साहित छु र खेल रोचक हुने आशा छ,' उनले भने ।

बंगलादेशका प्रशिक्षक जेभियर क्याब्रेरा पनि उत्साहसहित काठमाडौं आएका छन् । 'नेपाल आउनुअघि नै हाम्रो तयारी राम्रो थियो । नेपाली टोलीसँगको खेलले हामीलाई आगामी प्रतियोगिताका लागि राम्रो परीक्षण दिनेछ । यो चुनौतीपूर्ण खेल हुनेछ,' उनले भने । जेभियरले लेसेस्टर सिटीका अनुभवी खेलाडी हम्जा चौधरीको अनुपस्थितिको कारण पनि स्पष्ट पार्दै भने, 'उनको दायाँ खुट्टामा समस्या छ, त्यसैले मैत्रीपूर्ण खेलमा रिस्क लिन चाहेनौं ।'

नेपाल र बंगलादेशबीचको पहिलो खेल शनिबार साँझ ५:३० बजे दशरथ रंगशालामा हुनेछ भने दोस्रो खेल मंगलबार हुनेछ । विजेताको निर्णय समग्र नतिजामा आधारित हुनेछ । यदि दुवै खेलमा समान नतिजा आए दोस्रो खेलपछि पेनाल्टी सुटआउटमार्फत विजेता घोषणा गरिनेछ ।

# अमेरिकी अटो र अन्य सामानमा कम भन्सार शुल्क लागू गर्ने ट्रम्पको आदेशलाई जापानद्वारा स्वागत



**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इशिबाले अटोमोबाइल र अन्य जापानी आयातमा कम भन्सार शुल्क लागू गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयलाई स्वागत गरेका छन् ।

उनले यसलाई प्रमुख उद्योगहरूले भोगिरहेको अनिश्चितता हटाउने कदमका रूपमा व्याख्या गरे । अघिल्लो २५ प्रतिशतबाट १५ प्रतिशतमा भन्सार शुल्क कटौती गर्ने सम्झौता जुलाई २२ मा दुवै पक्षबीच भएको थियो । 'जापान र संयुक्त राज्य अमेरिकाबीचको कर वार्ता सरकारको शीर्ष प्राथमिकता थियो । हामीले सकेसम्म चाँडो र उत्तम तरिकाले सम्झौता हासिल गर्न सबै प्रयास गरेका थियौं,' प्रधानमन्त्री इशिबाले शुक्रबार भने, 'यो परिणाम उत्कृष्ट छ ।'

यो कदम जापानी प्रधानमन्त्रीले आफ्नै पार्टीभित्रका दक्षिणपन्थी प्रतिद्वन्द्वीहरूबाट दबाब खेपिरहेको बेला आएको हो । जुलाईमा भएको निर्वाचनमा हार खाएपछि उनीमाथि राजीनामाको माग बढ्दै गएको छ । वासिङ्टनमा जापानका शीर्ष कर वार्ताकार रियोसी अकाजावा र अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकले पनि संयुक्त वक्तव्यमा हस्ताक्षर गर्दै अमेरिकी परियोजनामा पाँच खर्ब ५० अर्ब डलरको जापानी लगानी पुष्टि गरेका छन् । अकाजावाले ट्रम्पको आदेशले अटोमोबाइल र अटो पाट्र्समा भन्सार शुल्क १५ प्रतिशतमा सीमित गर्ने र विद्यमान दरमा कुनै थप वृद्धि नहुने स्पष्ट पारे । अन्य धेरै सामानमा पनि यस्तै 'पारस्परिक भन्सार शुल्क' लागू हुने भए पनि विमान र विमानका पाट्र्स भने यसबाट बाहिर रहने छन् ।

जुलाईमा सम्झौता भए पनि जापानी अधिकारीहरूले केही दिनपछि प्रारम्भिक प्रतिलिपामा त्रुटि भेट्टाएका थिए । त्यसले विद्यमान दरमाथि १५ प्रतिशत थपिएको देखाएपछि जापानले आपत्ति जनायो । वासिङ्टनले गल्ती स्वीकार गर्दै अतिरिक्त भुक्तान भएका भन्सार शुल्क फिर्ता गर्नेमा सहमति जनायो ।

अकाजावाका अनुसार आदेश दुई साताभित्र कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ । प्रधानमन्त्री इशिबाले ट्रम्पलाई आफ्नो पत्र पठाउँदै 'जापान–अमेरिका सम्बन्धको स्वर्णिम युग निर्माण गर्ने' इच्छा प्रकट गरे र राष्ट्रपतिलाई जापान भ्रमणको निम्तो दिए ।

अकाजावाले सम्झौतालाई निरन्तर लगानीमै केन्द्रित आफ्नो प्रयासको नतिजा भएको उल्लेख गर्दै भने, 'सम्झौतालाई विश्वासपूर्वक र तुरुन्त कार्यान्वयन गर्नु अत्यन्तै महत्त्वपूर्ण छ ।' *रासस/एपी*

# रुसले अस्वीकार गर्‍यो युक्रेनका लागि पश्चिमा सुरक्षा प्रत्याभूतिको प्रस्ताव

**मस्को–** रुसले युक्रेनसँग कुनै पनि शान्ति सम्झौतापछि युद्धग्रस्त देशमा तैनाथ गर्न 'आश्वासन बल'मा सामेल हुने प्रतिबद्धता जनाएपछि रुसले शुक्रबार युक्रेनका लागि पश्चिमी सुरक्षा ग्यारेन्टीको धारणालाई अस्वीकार गरेको छ ।

शान्ति सम्झौता वा युद्धविराममार्फत युद्ध अन्त्य भएमा युक्रेनलाई प्रस्ताव गर्न चाहने मुख्यतः युरोपेली देशहरूको गठबन्धनले रुसलाई आफ्नो छिमेकीमाथि फेरि आक्रमण गर्नबाट रोक्ने सुरक्षा बल युक्रेनी सुरक्षा कवचको एक प्रमुख आधार हो ।

पेरिस शिखर सम्मेलनपछि युरोपेली नेताहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भिडियो कन्फरेन्समार्फत कुरा गरे पनि कुनै पनि अमेरिकी संलग्नताको सीमा अनिश्चित छ । शुक्रबार क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले युक्रेनका लागि पश्चिमी सुरक्षा सुनिश्चितताको विचारलाई अस्वीकार गर्दै भने, 'विदेशी र विशेषगरी युरोपेली र अमेरिकी सैनिकहरूले निश्चितरूपमा किएभलाई यस्तो आश्वासन दिन सक्दैनन् ।'

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले आयोजना गरेको पेरिस शिखर सम्मेलनमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रत्यक्ष भाग लिएका थिए भने बेलायती प्रधानमन्त्री केइर स्टार्मरलगायतका गठबन्धन सहयोगीले अनलाइनमार्फत सहभागिता जनाएका थिए । ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग प्रत्यक्ष वार्ता सुरु गरेपछि युरोपले अमेरिकाबाट स्वतन्त्ररूपमा काम गर्न सक्छ भन्ने देखाउन म्याक्रोँको नेतृत्वमा भएको नयाँ प्रयासको प्रतिनिधित्व यो बैठकले गरेको थियो ।

संयुक्त राज्य अमेरिकाको प्रतिनिधित्व ट्रम्पका विशेष दूत स्टिभ विटकोफले गरेका थिए । उनले जेलेन्स्कीसँग छुट्टाछुट्टै भेट गरेका थिए । ट्रम्पले युरोपेली नेताहरूसँगको कुराकानीपछि पुटिनसँग छिट्टै कुरा गर्ने बताएका छन् भने पेस्कोभले शुक्रबार यस्तो आह्वान चाँडै गर्न सकिने पुष्टि गरेका छन् ।

## पहिलो ठोस कदम

रुसले सन् २०२२ को फेब्रुअरीमा पूर्ण आक्रमण सुरु गरेको साढे तीन वर्षदेखि युरोपमाथि आफ्नो प्रतिक्रिया बढाउन दबाब परेको छ । म्याक्रोँले जेलेन्स्कीको छेउमा उभिएका पत्रकारसँग भने, 'आज हामीसँग युक्रेनमा 'आश्वासन बल' को रूपमा सैनिकहरू तैनाथ गर्न वा जमीनमा, समुद्रमा वा हावामा उपस्थित हुन २६ देश तयार छन् । उनीहरूले औपचारिकरूपमा प्रतिबद्धता जनाएका छन् । केही अन्यले अझैसम्म अडान लिएका छैनन् ।' जेलेन्स्कीले यस कदमको प्रशंसा गर्दै भने, 'मलाई लाग्छ लामो समयपछि आज पहिलो यस्तो गम्भीर ठोस कदमका लागि आश्वासन आएको छ ।'

फ्रान्सका राष्ट्रपतिले भने, 'यी सैनिकलाई अग्रपंक्तिमा तैनाथ गरिने छैन, तर 'कुनै पनि नयाँ ठूलो आक्रमण रोक्न' लक्षित गरिएको छ ।' म्याक्रोँले अर्को प्रमुख आधार युक्रेनी सेनाको 'पुनरुत्थान' भएको बताए । उनले भने, 'यसले गर्दा उसले 'नयाँ आक्रमणको प्रतिरोधमात्र गर्छ र रुसलाई नयाँ आक्रमणबाट रोक्न सक्षम हुन्छ ।' म्याक्रोँले युक्रेनका लागि सुरक्षा प्रत्याभूतिमा भाग लिन अमेरिका आफ्नो इच्छाबारे 'निकै स्पष्ट' रहेको बताए ।

यद्यपि, अमेरिकाको योगदान अझै अस्पष्ट छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले थप दबाब दिन आग्रह गरे पनि संलग्नताको दायराबारे सतर्क रहेर गठबन्धनभित्र विभाजनहरू पनि छन् । जर्मन सरकारका प्रवक्ताले बैठकपछि भने, 'जर्मनीले उपयुक्त समयमा सैन्य संलग्नताबारे निर्णय गर्ने छ ।' इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले पनि आफ्नो देशले युक्रेनमा सेना नपठाउने तर कुनै पनि सम्भावित शान्ति सम्झौताको निगरानी गर्न सहयोग गर्न सक्ने बताएका छन् । *रासस/रासस*

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०५/२१

कञ्चनपुर जिल्ला **कृष्णपुर नगरपालिका** १ स्थित श्री अम्मरजित सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ४१९ थानको गोलिया थानको परिमाण १५५९.७६ क्यूफिट खपर जातको काठ र सालको १ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले इच्छुक सुचिकृत कत्था उद्योग कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा बिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**शंकर चौधरी (अध्यक्ष)**
सम्पर्क नम्बर ९७६७६८११०३

# युद्ध अन्त्यका लागि रूसलाई दबाब दिन ट्रम्पको आह्वान, बेइजिङद्वारा अस्वीकार



**बेइजिङ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्धलाई लिएर युरोपेली मुलुकहरूसँग चीनमाथि आर्थिक दबाब सिर्जना गर्न आग्रह गरेका छन् ।

